# सामाजिक अध्ययन पाठ्यक्रम, २०८२

## माध्यमिक तह (कक्षा ११-१२)

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# सामाजिक अध्ययन पाठ्यक्रम, २०८२

## माध्यमिक तह

**कक्षा :** ११-१२ **पाठ्यघण्टा :** ५
**विषय सङ्केत :** (कक्षा ११ : ००५१, कक्षा १२ : ००६१) **कार्यघण्टा :** १६०

## १. परिचय

शिक्षालाई ज्ञान, सिप, अभिवृत्ति, मूल्य तथा नेतृत्वकला आर्जन, समालोचनात्मक विश्व दृष्टिकोणका आधारमा समाजका घटनाको व्याख्या र समाज रूपान्तरणमा महत्त्वपूर्ण योगदान गर्ने साधनका रूपमा लिइन्छ । शिक्षालाई समयसापेक्ष बनाउन यसलाई समुदायसँग जोड्नुपर्छ । व्यक्तिले आफू, परिवार, समाज, राष्ट्र र विश्व परिवेशसँग सामञ्जस्य कायम गर्दै समयानुकूल, स्वच्छ, स्वस्थ र मर्यादित जीवन निर्वाहका लागि क्रियाशील रहन शारीरिक, मानसिक तथा संवेगात्मक व्यवस्थापन गर्नु आवश्यक हुन्छ । मानव जीवनलाई सहज, उन्नत एवम् सुसंस्कृत बनाउन र सामाजिक सम्बन्धलाई न्यायपूर्ण, सौहार्द्रपूर्ण एवम् सहयोगात्मक बनाउँदै लैजान शिक्षाको महत्त्वपूर्ण भूमिका हुन्छ । समाजलाई समुन्नति र सभ्यतातर्फ अगि बढाउने एउटा प्रभावकारी माध्यमका रूपमा शिक्षालाई लिइन्छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार कक्षा ११ र कक्षा १२ का विद्यार्थीमा समाजको अध्ययनसहित जीवनोपयोगी सिप विकास गराई मानवीय मूल्यमान्यतासहित लोकतान्त्रिक समाजमा अनुकूलन हुन सक्ने सक्षम नागरिक तयार पार्ने लक्ष्य राखी यो पाठ्यक्रम तयार गरिएको छ । विद्यार्थी, शिक्षक, अभिभावकलगायतका सरोकारवालाबाट अनलाइन तथा स्थलगत रूपमा छलफल तथ अन्तर्क्रियाबाट प्राप्त पृष्ठपोषणसमेतलाई आधार मानी यो पाठ्यक्रम परिमार्जन गरिएको छ । यस पाठ्यक्रमले उच्च शिक्षामा सामाजिक अध्ययनका लागि पूर्वाधार तयार गर्ने अपेक्षा राखिएको छ ।

यस पाठ्यक्रममा मूलतः सामाजिक अध्ययनको परिचय, हामी र हाम्रो समाज, विकासका पूर्वाधार, हाम्रा मूल्यमान्यता, सामाजिक सुधार, नागरिक चेतना, हाम्रो पृथ्वी, आर्थिक क्रियाकलाप, हाम्रो विगत, अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग, जनसङ्ख्या व्यवस्थापन र जीवनोपयोगी सिप विषयक्षेत्रभित्र तहगत सक्षमता, विद्यार्थीको रुचि, स्तर र आवश्यकताअनुसार विषयवस्तु अनुकूलन तथा समायोजन गरिएको छ । यस पाठ्यक्रममा श्रमप्रति सम्मान तथा काम गर्ने बानीको विकासका लागि घरायसी कार्यलगायतका वास्तविक जीवनसँग सम्बद्ध पक्षलाई सिकाइकै अङ्गका रूपमा समावेश गरिएको छ । यस क्रममा सामाजिक अध्ययनको परिचय विषयक्षेत्रमा सामाजिक अध्ययनको अवधारणा, विकासक्रम, आयाम, सामाजिक विज्ञानसँग यसको अन्तरसम्बन्धित पक्षसँग सम्बन्धित विषयवस्तु र हामी र हाम्रो समाज विषयक्षेत्रमा मानव जातिको विकासक्रम, समतामूलक समाज, विश्वपरिवेश, सामाजिक व्यवहार, नेपालमा समावेशीकरण र अभ्याससँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । विकासका पूर्वाधार विषयक्षेत्रमा गुणस्तरीय स्वास्थ्य, शिक्षा, मानव, संशाधन र रोजगारीको अन्तरसम्बन्धसँग सम्बन्धित विषयवस्तु तथा हाम्रा मूल्यमान्यता विषयक्षेत्रमा बहुसांस्कृतिकता, शान्ति तथा नैतिक एवम् सामाजिक अन्तरसम्बन्धसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । सामाजिक सुधार विषयक्षेत्रमा अतिक्रमण, प्रदूषण, बौद्धिक पलायन, बौद्धिक सम्पत्तिको दुरुपयोग, गलत मनोवृत्ति र व्यवहार, उपयोगवादी दृष्टिकोणमा समस्या र समाधानका उपायसँग सम्बन्धित विषयवस्तु तथा नागरिक चेतना विषयक्षेत्रमा संविधान, सङ्घ, प्रदेश र स्थानीय तह, राज्य तथा राष्ट्र, राजनीतिक दल, निर्वाचन प्रक्रिया तथा प्रणालीलगायतका पक्षसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । हाम्रो पृथ्वी विषयक्षेत्रमा नेपाल र यसका प्रदेश, पर्यावरणीय क्षेत्र र विपत्को पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभसँग सम्बन्धित विषयवस्तु तथा आर्थिक क्रियाकलाप विषयक्षेत्रमा अर्थतन्त्रका आधार र विशेषता, श्रमशक्ति, वित्तीय सङ्घीयता र बैङ्क तथा वित्तीय संस्थाबाट प्राप्त हुने सेवालगायतका पक्षसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । हाम्रो विगत विषयक्षेत्रमा लोकतन्त्र, औद्योगिक क्रान्ति र विश्वयुद्धसँग सम्बन्धित विषयवस्तु; अन्तर्राष्ट्रिय सम्बन्ध

र सहयोग विषयक्षेत्रमा बङ्गलादेश र जापानसँगको सम्बन्ध, वैश्विक सङ्गठनको सामाजिक आर्थिक भूमिका, स्थानीयकरण तथा विश्वव्यापीकरणलगायतका पक्षसँग सम्बन्धित विषयवस्तु तथा जनसङ्ख्या व्यवस्थापन विषयक्षेत्रमा बस्ती, सहरीकरण, बसाइँसराइ जनसाङ्ख्यिक सङ्क्रमण र लाभांशलगायतका पक्षसँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । जीवनोपयोगी सिप विषयक्षेत्रमा यस सिपको अवधारणा, परिचय र अभ्याससँग सम्बन्धित विषयवस्तु समावेश गरिएका छन् । यस पाठ्यक्रममा समसामयिक घटना तथा गतिविधिलाई सान्दर्भिक विषयक्षेत्रमा नै समायोजन गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ ।

यस पाठ्यक्रमलाई परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तु र यसको विस्तृतीकरण, विषयवस्तुको क्षेत्रअनुसार सिकाइ सहजीकरण क्रियाकलापका लागि सञ्चालन गर्न सकिने नमुना क्रियाकलाप, सम्भावित प्रयोगात्मक तथा परियोजना कार्यका लागि मार्गदर्शन तथा मूल्याङ्कन विधि, प्रक्रिया तथा साधन समावेश गरी राष्ट्रिय ढाँचा तथा प्रचलित अभ्यासअनुसार व्यवस्थित गरिएको छ । यस विषयका लागि कक्षा ११ र १२ मा ५ पाठ्यघण्टा (१६० कार्यघण्टा) समय निर्धारण गरिएको छ । यस विषयमा विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कनका लागि ७५ प्रतिशत बाह्य मूल्याङ्कन र २५ प्रतिशत आन्तरिक मूल्याङ्कन निर्धारण गरिएको छ ।

## २. तहगत सक्षमता

**कक्षा ११–१२ को सामाजिक अध्ययन विषयको अध्ययन पूरा गरेपछि विद्यार्थीमा निम्नलिखित सक्षमता हासिल हुने छन् :**

१. सामाजिक अध्ययनको अवधारणा, विकासक्रम र आयामको बोध तथा सामाजिक विज्ञानसँग यसको अन्तरसम्बन्ध पहिचान र प्रस्तुति
२. मानव जाति तथा समतामूलक समाजको विकासक्रमको विश्लेषण एवम् समतामूलक समाज निर्माणमा सहभागिता
३. मानव संशाधन तयारी, रोजगारी र विकासमा गुणस्तरीय स्वास्थ्य तथा शिक्षाले पार्ने प्रभावको विश्लेषण
४. बहुसांस्कृतिकताको सम्मान, सद्भाव र एकता एवम् शान्ति संस्कृतिको अभ्यास
५. गलत मनोवृत्ति र व्यवहार तथा उपभोगवादी दृष्टिकोणलगायतका सामाजिक समस्या पहिचान र समाधानका उपाय अवलम्बन
६. नेपालको संविधान, सङ्घीयता र कानुनको बोध एवम् नागरिक अधिकारप्रतिको सचेतता तथा कर्तव्यको पालना
७. नेपालको भूगोल र विपत्ले मानव जीवनमा पार्ने प्रभाव विश्लेषण र व्यवस्थापनमा सहयोग
८. नेपालको अर्थतन्त्र र विकासका आयामसँगको अन्तरसम्बन्धको बोध र प्रस्तुति
९. लोकतन्त्र, औद्योगिक क्रान्ति र विश्वयुद्धले पार्ने असरको समीक्षा र तदनुकूलको व्यवहार प्रदर्शन
१०. नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध, सहयोगका क्षेत्र तथा स्थानीयकरण र विश्वव्यापीकरणका पक्षको पहिचान तथा योगदानको विश्लेषण
११. जनसङ्ख्या व्यवस्थापन, बसाइँसराइ र सहरीकरणबिचको अन्तरसम्बन्धको खोज तथा प्रस्तुति
१२. जीवनोपयोगी सिपको पहिचान, विकास र अभ्यास

## ३. कक्षागत सिकाइ उपलब्धि

| विषयक्षेत्र | कक्षा ११ | कक्षा १२ |
|---|---|---|
| १. सामाजिक अध्ययनको परिचय | १. सामाजिक अध्ययनको परिचय दिई विकासक्रम र महत्त्व उल्लेख गर्न | १. सामाजिक अध्ययन र सामाजिक विज्ञानबिचको अन्तरसम्बन्ध उल्लेख गर्न |
| २. हामी र हाम्रो समाज | २. मानव जातिको विकासक्रम उल्लेख गर्न<br>३. वर्तमान विश्व परिवेशसँग परिचित भई सोअनुरूपको व्यवहार गर्न | २. समतामूलक समाजको परिचय दिई समतामूलक समाज निर्माणमा सहभागी हुन<br>३. नेपालमा समावेशीकरणका अभ्यासको खोजी गर्न |
| ३. विकासका पूर्वाधार | ४. नेपालमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र सामुदायिक सहभागिताको अवस्था विश्लेषण गर्न<br>५. समुदायमा अभ्यासमा आएका परम्परागत र आधुनिक स्वास्थ्य सेवा पद्धतिको खोजी र उपयोग गर्न | ४. शिक्षा, मानव संसाधन र रोजगारीबिचको अन्तरसम्बन्ध विश्लेषण गर्न<br>५. शिक्षाले सामाजिक तथा आर्थिक विकासमा पुऱ्याउने योगदान उल्लेख गर्न |
| ४. हाम्रा मूल्यमान्यता | ६. बहुसांस्कृतिकताको सम्मान गर्दै सांस्कृतिक सद्भाव र एकता प्रवर्धनमा सहभागी हुन<br>७. अग्रजबाट हस्तान्तरण हुने सामाजिक मूल्यमान्यताको अनुसरण गर्न ।<br>८. दर्शनको व्यवहारमा प्रयोग गर्न | ६. शान्ति संस्कृति प्रवर्धनका उपाय खोजी तथा अभ्यास गर्न<br>७. सदाचार र सामाजिक जवाफदेहिताको अनुसरण गर्न<br>८. सामाजिक सम्बन्ध विकासका आधार पहिचान गरी सामाजिक अन्तरनिर्भताको महत्त्व बोध गर्न |
| ५. सामाजिक सुधार | ९. असल समाजका बाधकतत्त्व पहिचान गरी समाधानका उपाय खोजी गर्न र सहभागी हुन<br>१०. नेपालमा सामाजिक सुधारका लागि भएका प्रयास खोजी गर्न र सहभागी हुन | ९. असल समाजका बाधकतत्त्व पहिचान गरी समाधानका उपाय खोजी गर्न र सहभागी हुन<br>१०. नेपालमा सामाजिक सुधारका लागि भएका प्रयास खोजी गर्न र सहभागी हुन |
| ६. नागरिक चेतना | ११. नेपालको वर्तमान संविधानको पृष्ठभूमि र मुख्य विशेषता प्रस्तुत गर्न<br>१२. राज्यका आधारभूत तत्त्व पहिचान गर्न<br>१३. राष्ट्र र राष्ट्रियताको सम्मान गर्न र राष्ट्रिय सरोकारका विषयप्रति सचेत रहन<br>१४. सूचनाको हकसँग परिचित हुन र यसको उपयोग गर्न | ११. सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्धको खोजी गर्न<br>१२. राजनीतिक दलले निर्वाह गर्नुपर्ने भूमिका र जिम्मेवारी उल्लेख गर्न<br>१३. निर्वाचन प्रक्रिया र निर्वाचनमा नागरिकको भूमिका उल्लेख गर्न<br>१४. मुलुकी संहिताको व्यावहारिक पक्षको बोध र परिपालन गर्न<br>१५. किशोरकिशोरीका अधिकार सम्बन्धमा सचेत रही कर्तव्य पालना गर्न |

| विषयक्षेत्र | कक्षा ११ | कक्षा १२ |
|---|---|---|
| ७. हाम्रो पृथ्वी | १५. विश्व मानचित्रमा नेपालको अवस्थिति एवम् पहिचान उल्लेख गर्न<br>१६. नेपालका पर्यावरणीय क्षेत्रका विविध आयाम र तिनका विशेषता खोजी गर्न | १६. नेपालको सङ्घीय प्रदेशको परिचय दिई विशेषता बताउन<br>१७. विपत् व्यवस्थापनमा सहभागी हुन |
| ८. आर्थिक क्रियाकलाप | १७. नेपालको अर्थतन्त्रका आधार पहिचान गरी तिनका विशेषता खोजी गर्न<br>१८. नेपालमा वित्तीय सङ्घीयताको वर्तमान अवस्था पहिचान गर्न<br>१९. वैदेशिक रोजगारी र विप्रेषणको सामाजिक आर्थिक प्रभाव उल्लेख गर्न | १८. श्रमशक्ति र स्वरोजगारबिचको अन्तरसम्बन्ध बताउन र उद्यमशीलताका लागि अभिप्रेरित हुन<br>१९. व्यवसायको सञ्चालनका लागि बैङ्क तथा वित्तीय संस्थाबाट पाइने सेवासँग परिचित हुन<br>२०. लगानीमा हुन सक्ने जोखिमसँग परिचित हुन र जोखिम न्यूनीकरणका उपाय बताउन |
| ९. हाम्रो विगत | २०. विश्वमा लोकतन्त्रको उदय र विकासक्रम व्याख्या गर्न<br>२१. वि.स. २०६२/६३ को जनआन्दोलनको कारण र उपलब्धि खोजी गर्न<br>२२. लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल (२०६५ देखि हालसम्म) को राजनीतिक, सामाजिक र आर्थिक उपलब्धि उल्लेख गर्न | २१. औद्योगिक क्रान्तिको पृष्ठभूमि र प्रभाव बताउन<br>२२. प्रथम विश्वयुद्धको कारण र प्रभाव विश्लेषण गर्न<br>२३. द्वितीय विश्वयुद्धको कारण र प्रभाव विश्लेषण गर्न |
| १०. अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | २३. नेपालको युरोपियन युनियन (EU) र जापानसँगको आपसी सम्बन्ध र सहयोग विश्लेषण गर्न<br>२४. नेपालमा वैश्विक सङ्गठनको सामाजिक आर्थिक भूमिका खोजी गर्न | २४. स्थानीयकरण र विश्वव्यापीकरणको अवधारणा बताउन र प्रभाव विश्लेषण गर्न<br>२५. नेपालमा वैश्विक सङ्गठनको सामाजिक आर्थिक भूमिका खोजी गर्न |
| ११. जनसङ्ख्या व्यवस्थापन | २५. बस्तीको प्रकृति र सामाजिक सेवाबिचको सम्बन्ध विश्लेषण गर्न<br>२६. बस्ती विकास र पर्यावरणीय क्षेत्रबिचको अन्तरसम्बन्ध उल्लेख गर्न<br>२७. बसाइँसराइको वर्गीकरण र प्रवृत्ति उल्लेख गर्न<br>२८. बसाइँसराइका कारण र प्रभाव विश्लेषण गर्न | २६. नेपालमा सहरीकरणको मापदण्ड र प्रवृत्तिको चर्चा गरी अवसर र चुनौतीको विश्लेषण गर्न<br>२७. गाउँ र सहरको जीविकोपार्जन शैली तथा अन्तरसम्बन्ध खोजी गर्न<br>२८. नेपालको जनसाङ्ख्यिक सङ्क्रमणको अवस्था पहिचान गरी जनसाङ्ख्यिक लाभांशको उपयोग गर्न<br>२९. जनसङ्ख्या व्यवस्थापनका उपाय खोजी गर्न |
| १२. जीवनोपयोगी सिप | २९. जीवनोपयोगी सिपको परिचय दिन र अभ्यास गर्न | ३०. जीवनोपयोगी सिपको परिचय दिन र अभ्यास गर्न |

## ४. विषयक्षेत्र, सिकाइ उपलब्धि र विषयवस्तुको विस्तृतीकरण

**कक्षा ११**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. सामाजिक अध्ययनको परिचय | १. सामाजिक अध्ययनको परिचय दिई विकासक्रम र महत्त्व उल्लेख गर्न | **१.१ सामाजिक अध्ययन**<br>● परिचय<br>● विकासक्रम<br>● आयाम/क्षेत्र<br>● महत्त्व | ● सामाजिक अध्ययन विषय सम्बन्धमा विद्यार्थीसँग छलफल गर्दै सामाजिक अध्ययनको परिचय दिनुहोस् ।<br>● सामाजिक अध्ययन विषयमा समावेश गरिएका सामाजिक विज्ञानका विविध विषय समेटिएको चित्रतालिका प्रदर्शन गरी सामाजिक अध्ययन एक एकीकृत विषय हो भन्ने तथ्यलाई प्रस्ट्याउनुहोस् ।<br>● विश्व परिवेश तथा नेपालको सन्दर्भमा सामाजिक अध्ययनको विकासक्रम लेखिएको चार्ट प्रदर्शन गर्दै सामाजिक अध्ययनको विकासक्रम प्रस्ट्याउनुहोस् ।<br>● सामाजिक अध्ययनका विभिन्न आयाम तथा क्षेत्र, जस्तै : राष्ट्रियताको भावना विकास, समुदाय तथा समाजको अध्ययन, सिर्जनशीलताको विकास, राष्ट्रिय/अन्तर्राष्ट्रिय परिवेशमा समायोजन, सामाजिकीकरण सिपको विकास आदि जस्ता क्षेत्रलाई मेटाकार्ड/चार्टको माध्यमबाट प्रदर्शन गरी छलफल गर्नुहोस् ।<br>● सामाजिक अध्ययनको महत्त्व झल्कने चार्ट प्रदर्शन गरी दैनिक जीवनमा यसको प्रयोगका सम्बन्धमा विद्यार्थीको अनुभूतिलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सामाजिक अध्ययनको परिभाषा दिनुहोस् ।<br>(ख) नेपालको सन्दर्भमा सामाजिक अध्ययनको विकासक्रमलाई छोटकरीमा प्रस्तुत गर्नुहोस् ।<br>(ग) सामाजिक अध्ययनलाई एकीकृत र समन्वयात्मक विषयका रूपमा लिनुका कारण दिनुहोस् ।<br>(घ) सामाजिक अध्ययनको महत्त्व बुँदागत रूपमा लेख्नुहोस् ।<br>**२. विद्यार्थीको सक्रियता र सहभागिताका आधारमा** | १० |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| २. हामी र हाम्रो समाज | २. मानव जातिको विकासक्रम उल्लेख गर्न | **२.१ मानव जातिको विकासक्रम**<br>● मानव जातिको जैविक उद्‌विकास र विशेषता<br>- अस्ट्रालोपिथेकस/ रामापिथेकस<br>- होमो (होमोनियन्डरथ-लिन्सिस, होमो ह्याबिलिस, होमो इरेक्टस र होमो स्यापिन्स) | ● अवशेषशास्त्री, शारीरिक मानवशास्त्री, वैज्ञानिकका अनुसार आधुनिक मानवको उत्पत्ति सम्बन्धमा अनुसन्धानबाट प्राप्त जानकारीलाई चित्र तथा भिडियोका माध्यमबाट छलफल अन्तर्क्रिया गर्दै प्रस्ट पार्नुहोस् ।<br>● आदिमानवको जैविकीय उद्‌विकास र विशेषतालाई चार्ट वा स्लाइडमार्फत प्रस्तुत गर्दै छलफल गर्नुहोस् ।<br>● आदिमानव प्रजातिको विकासक्रम झल्कने चित्र, चार्ट वा भिडियो प्रदर्शन गर्दै उनीहरूको विशेषता र भिन्नताका सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● विद्यार्थीका विभिन्न समूह बनाई प्रत्येक समूहलाई मानव विकासका एक एक चरणका जीवनशैली सम्बन्धमा पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री अध्ययन गरी बुँदा टिपोट गरेर प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● आदिमानवले जीवन निर्वाहका क्रममा भोग्नुपरेका समस्याको परिकल्पना गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) रामापिथेकस जातिका मानवका कुनै चार विशेषता लेख्नुहोस् ।<br>(ख) होमो ह्याबिलिस र होमो इरेक्टस प्रजातिका मानवबिचको जीवनशैलीमा देखिएका भिन्नता लेख्नुहोस् ।<br>(ग) मस्तेरियन संस्कृतिको विशेषता लेख्नुहोस् ।<br>(घ) आधुनिक मानवको सबैभन्दा नजिकको पुर्खा मानवको कुन प्रजाति हो ?<br>**२. समूह छलफलका क्रममा विद्यार्थीको सक्रियता र सहभागिताका आधारमा** | १० |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ३. वर्तमान विश्व परिवेशसँग परिचित भई सोअनुरूपको व्यवहार गर्न | **२.२ वर्तमान विश्व परिवेश र सामाजिक व्यवहार**<br>● वर्तमान विश्व परिवेशका मूलभूत विशेषता (विश्वव्यापीकरण, सहरीकरण, बसाइँसराइ, डिजिटल तथा इन्टरनेट प्रविधिको व्यापकता, उदारीकरण, वैश्विक नागरिक....)<br>● सामाजिक व्यवहार (सामाजिक उत्तरदायित्व, डिजिटल शिष्टाचार, पर्यावरण संरक्षण) | ● ग्यालरी वाक वा प्लेनरी विधिको माध्यमबाट वर्तमान विश्व परिवेशका मूलभूत विशेषता छलफल गराउनुहोस् ।<br>● मानिसका बहुआयामिक सामाजिक व्यवहार (आर्थिक, सामाजिक एवम् सांस्कृतिक) आवश्यकता परिपूर्ति गर्नका लागि विकसित हुने गर्छन् भन्ने तथ्यमा स्थानीय परिवेशमा आधारित भई छलफल गर्नुहोस् ।<br>● डिजिटल शिष्टाचार तथा यसको उत्तरदायी प्रयोग सम्बन्धमा कुनै घटना अध्ययनमा केन्द्रित भई छलफल गर्नुहोस् ।<br>● सामाजिक उत्तरदायित्वका उदाहरण प्रस्तुत गर्दै विद्यार्थीलाई त्यस्ता व्यवहार गर्न प्रेरित गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) वर्तमान विश्व परिवेशका मूलभूत विशेषता सम्बन्धमा पत्रिकाका लागि एक सम्पादकीय तयार पार्नुहोस् ।<br>(ख) सामाजिक उत्तरदायित्व भनेको के हो ?<br>(ग) पर्यावरण संरक्षण गर्न हामीले के कस्ता योगदान दिन सक्छौँ ?<br>(घ) डिजिटल शिष्टाचारसम्बन्धी तपाईंले पूरा गर्नुभएका जिम्मेवारी लेख्नुहोस् ।<br>**२. ग्यालरी वाक वा प्लेनरीमा विद्यार्थीको सक्रियता र सहभागिताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ३. विकासका पूर्वाधार | ४. नेपालमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र सामुदायिक सहभागिताको अवस्था विश्लेषण गर्न | ३.१. **नेपालमा गुणस्तरीय स्वास्थ्य सेवा**<br>● विद्यमान अवस्था<br>● पहुँच<br>● सामुदायिक सहभागिता | ● स्वास्थ्य सेवासँग सम्बन्धित विभिन्न चित्र फोटो तथा भिडियोको नमुना प्रदर्शन गर्दै नेपालमा स्वास्थ्य सेवाको विद्यमान अवस्थाका सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● नेपालमा गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्नुभएका प्रयासको सम्बन्धमा पाठ्यपुस्तक, इन्टरनेट तथा सन्दर्भ सामग्रीको अध्ययन गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीको विभिन्न समूह निर्माण गरी हरेक समूहलाई स्वास्थ्य सेवामा सामुदायिक सहभागिताको अवस्था, प्रयास र यसलाई प्रभावकारी बनाउने उपायमध्ये एक एकओटा विषयमा छलफल गराई प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सामुदायिक स्वास्थ्य भनेको के हो ?<br>(ख) स्वास्थ्य सेवामा सामुदायिक सहभागितालाई कसरी प्रभावकारी बनाउन सकिन्छ ?<br>(ग) नेपालमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि भएका प्रयास लेख्नुहोस् ।<br>**२. समूहकार्यको अवलोकन श्रेणीमापन फाराम प्रयोग गरेर मूल्याङ्कन गरेर** | १२ |
| | ५. समुदायमा अभ्यासमा आएका परम्परागत र आधुनिक स्वास्थ्य सेवा पद्धतिको खोजी र उपयोग गर्न | ३.२. **नेपालमा प्रचलित स्वास्थ्य सेवा पद्धति र त्यसको अभ्यास**<br>- परम्परागत स्वास्थ्य सेवा पद्धति<br>- आधुनिक स्वास्थ्य सेवा पद्धति | ● सङ्गठित सिंहावलोकन विधिको माध्यमबाट आधुनिक र परम्परागत चिकित्सा पद्धतिसँग सम्बन्धित महत्त्वपूर्ण पक्षका बारेमा छलफल गर्नुहोस् ।<br>● जिक्स विधिको प्रयोगबाट परम्परागत चिकित्सा पद्धतिअन्तर्गतका आयुर्वेदिक, योग, प्राकृतिक, होमियोप्याथिक तथा आधुनिक स्वास्थ्य सेवाको अवस्था र उपयोग सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● आधुनिक स्वास्थ्य सेवाको आवश्यकता र चुनौती शीर्षकमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) परम्परागत चिकित्सा पद्धतिको सकारात्मक पक्ष उल्लेख गर्नुहोस् ।<br>(ख) आधुनिक चिकित्सा पद्धति अरू स्वास्थ्य सेवाभन्दा विश्वसनीय मानिन्छ, किन ? | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ४. हाम्रा मूल्य मान्यता | ६. बहुसांस्कृतिकताको सम्मान गर्दै सांस्कृतिक सद्भाव र एकता प्रवर्धनमा सहभागी हुन | **४.१ बहुसांस्कृतिकता**<br>● अवधारणा<br>● बहुसांस्कृतिकताको सम्मान<br>● सांस्कृतिक सद्भाव र एकता प्रवर्धनका उपाय | ● नेपालमा रहेका विभिन्न जातजाति, भाषा धर्म र क्षेत्रको सामाजिक सांस्कृतिक गतिविधि झल्कने चित्र, फोटो, चार्ट तथा भिडियोको नमुना प्रस्तुत गर्दै छलफल गरी बहुसांस्कृतिकताको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● कक्षाकोठामा रहेका विभिन्न समुदायका विद्यार्थीबिच आपसी सद्भाव र एकतासँग सम्बन्धित गतिविधि सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● नेपालको संविधानमा बहुसांस्कृतिकताको सम्मान र एकता कायम राख्न भएका प्रावधानको विवरण खोजी गरी कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● 'नेपालमा सांस्कृतिक सद्भाव र एकता' शीर्षकमा सम्पादकीयको नमुना तयार गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालमा बहुसांस्कृतिकताको उदाहरण दिनुहोस् ।<br>(ख) तपाईंको समुदायमा भएका सामाजिक एकतासँग सम्बन्धित गतिविधि लेख्नुहोस् ।<br>(ग) नेपालको संविधानमा बहुसांस्कृतिकताको सम्मानका लागि भएका प्रावधान उल्लेख गर्नुहोस् ।<br>**२. सम्पादकीय लेखनमा विषयवस्तुको गहनता, ढाँचा, प्रस्तुति शैलीका आधारमा** | १४ |
| | ७. अग्रजबाट हस्तान्तरण हुने सामाजिक मूल्यमान्यताको अनुसरण गर्न | **४.२ अग्रजबाट हस्तान्तरण हुने सामाजिक मूल्यमान्यता**<br>● परम्परा तथा संस्कार<br>● व्यावहारिक अभ्यास र निरन्तरता | ● विद्यार्थीले आफ्ना अग्रजबाट के कस्ता सामाजिक मूल्यमान्यता सिकेका छन् भन्ने प्रश्न गर्दै उनीलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विभिन्न चाडपर्व र अवसरमा परिवारका ज्येष्ठ सदस्यले अरू सदस्यलाई टीकाटाला गरेको, आशीर्वाद दिएका जस्ता व्यवहार देखाउने भिडियो प्रदर्शन गरी परम्परागत संस्कारको अभ्यास र हस्तान्तरण सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● समुदायमा रहेका अग्रज व्यक्तित्वलाई स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी परम्परा तथा संस्कार र तिनको निरन्तरता सम्बन्धमा अन्तर्क्रिया गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईंले अग्रजबाट के कस्ता सामाजिक मूल्यमान्यता अनुसरण गर्नुभएको छ, उल्लेख गर्नुहोस् ।<br>(ख) तपाईंको अभिभावकले समाजमा पुऱ्याएको योगदान र त्यसले समाजमा पारेको प्रभाव लेख्नुहोस् ।<br>**२. अन्तर्क्रियामा सहभागिता र सक्रियताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ८. दर्शनको व्यवहारमा प्रयोग गर्न | **४.३ दर्शन**<br>● परिचय (अध्यात्मवादी र भौतिकवादी दर्शन)<br>● दर्शनको व्यवहारिक उपयोग | ● हामीले केका आधारमा धारणा बनाउँछौं, हाम्रा दैनिक क्रियाकलाप के कस्ता आस्था र विचारबाट प्रभावित हुन्छन् भनी मस्तिस्कमन्थन गराउँदै दर्शनको परिचय दिनुहोस् ।<br>● अध्यात्मवादी दर्शन र भौतिकवादी दर्शनसँग सम्बन्धित विभिन्न उदाहरण प्रस्तुत गर्दै अध्यात्मवादी दर्शन र भौतिकवादी दर्शन सम्वन्धमा छलफल गरी अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● समूहगत रूपमा दर्शन सम्बद्ध विभिन्न सन्दर्भ पुस्तक अध्ययन गर्न लगाई दर्शनको क्षेत्र र महत्त्वका सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● विद्यार्थीले दैनिक जीवनमा दर्शनको उपयोग कसरी गरिरहेका छन् प्रश्नोत्तर गर्दै यसको प्रयोग पक्षलाई उजागर गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) दर्शन भनेको के हो ?<br>(ख) दर्शनको क्षेत्र उल्लेख गर्नुहोस् ।<br>(ग) मानिसको दैनिक जीवनका क्रियाकलापसँग दर्शनको के सम्बन्ध छ, प्रस्ट पार्नुहोस् ।<br>**२. दैनिक जीवनमा दर्शनको उपयोगको अवस्था रुजुसूचीको प्रयोग गरेर** | |
| ५. सामाजिक सुधार | ९. असल समाजका बाधकतत्त्व पहिचान गरी समाधानका उपायको खोजी र अवलम्बन गर्न | **५.१ नेपालमा असल समाजका बाधकतत्त्व**<br>- गलत मनोवृत्ति र व्यवहार, प्रभाव र समाधानका उपाय<br>- सांस्कृतिक विचलनका प्रभाव र समाधानका उपाय<br>- प्राकृतिक स्रोतको अतिक्रमण र वातावरण प्रदूषणका कारण समाजमा परेका नकारात्मक प्रभाव | ● यौन दुर्व्यवहार र त्यसले पारेको प्रभावसँग सम्बन्धित घटना अध्ययन (कथा तथा समाचार) प्रस्तुत गर्दै बढ्दो यौन दुर्व्यवहारले पारेको प्रभाव र त्यसलाई नियन्त्रण गर्ने उपायका सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● नेपाली समाजमा सांस्कृतिक विचलनका कारण, असर र समाधानका उपाय उल्लिखित चार्टको प्रयोग गरी छलफलद्वारा प्रस्ट पार्नुहोस् ।<br>● नेपालमा प्राकृतिक स्रोत अतिक्रमणका विभिन्न स्वरूप झल्कने चित्र, फोटो तथा भिडियो प्रदर्शन गर्दै त्यसले पारेको प्रभाव र समाधानका उपाय सम्बन्धमा छलफल गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) यौन दुर्व्यवहार नियन्त्रण गर्ने उपाय के के हुन् ?<br>(ख) सांस्कृतिक विचलन रोकथामका लागि हाम्रा जिम्मेवारी के के हुन सक्छन्, लेख्नुहोस् ।<br>(ग) प्राकृतिक स्रोतसाधनको अतिक्रमण भएमा के असर पर्छ ? | १४ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १०. नेपालमा सामाजिक सुधारका लागि भएका प्रयास खोजी गर्न | **५.२ नेपालमा सामाजिक सुधारका लागि भएका प्रयास**<br>● कानुनी व्यवस्था<br>● संस्थागत संरचना र तिनका कार्य<br>- नेपाल प्रहरी<br>- राष्ट्रिय सतर्कता केन्द्र<br>- अख्तियार दुरुपयोग अनुसन्धान आयोग<br>- राष्ट्रिय मानव अधिकार आयोग | ● सामाजिक समस्या समाधानका लागि कानुनी व्यवस्था लेखिएका चार्ट प्रदर्शन गर्दै छलफल गराउनुहोस् ।<br>● विद्यार्थीका समूह बनाई प्रत्येक समूहलाई एक एकओटा संस्थागत व्यवस्था वा संरचना, जस्तै : नेपाल प्रहरी, राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोगका सम्बन्धमा पाठ्यपुस्तक, इन्टरनेट वा सन्दर्भ सामग्रीको अध्ययन छलफल गराउनुहोस् । त्यसपछि मुख्य बुँदा टिपोट गर्न लगाउनुहोस् र ग्यालरी वाक गराउनुहोस् ।<br>● समाजमा घटेका सामाजिक घटना तथा अपराधिक क्रियाकलापका सम्बन्धमा माथि उल्लिखित संस्थाले दिने सेवा, सूचना दिने प्रक्रिया र उजुरी प्रक्रिया सम्बन्धमा जानकारीमूलक सामग्री प्रस्तुत गर्दै सुसूचित गराई गुनासो वा उजुरी लेखनको अभ्यास गराउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपाल प्रहरीले सामाजिक सुधारमा के के भूमिका निर्वाह गर्न सक्छ ?<br>(ख) राष्ट्रिय सतर्कता केन्द्रका काम के के हुन् ?<br>(ग) अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय मानव अधिकार आयोगले सामाजिक समस्या समाधानमा गर्ने कार्यबिच तुलना गर्नुहोस् ।<br>**२. ग्यालरी वाकमा सहभागिता र सक्रियताका आधारमा** | |
| ६. नागरिक चेतना | ११. नेपालको संविधानको पृष्ठभूमि र मुख्य विशेषता प्रस्तुत गर्न | **६.१ नेपालको संविधान**<br>● नेपालको संविधानको पृष्ठभूमि<br>● नेपालको संविधानका मुख्य विशेषता | ● संविधानसभाबाट नेपालको संविधान जारी हुँदाको चित्र वा भिडियो प्रस्तुत गर्दै मस्तिष्कमन्थन गराउनुहोस् ।<br>● नेपालको संविधान निर्माणको पृष्ठभूमि प्रस्ट पार्नुहोस् ।<br>● नेपालमा विभिन्न समयमा जारी भएका संविधानका सूची तयार गर्न लगाई समयरेखामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● नेपालको संविधान अध्ययन गर्न लगाई वर्तमान संविधानका मुख्य विशेषता (सामाजिक, राजनीतिक र आर्थिक) टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● वर्तमान संविधानलाई दिगो बनाउन अपनाउनुपर्ने उपायको सम्बन्धमा प्यानल छलफल गराउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) वर्तमान संविधानको निर्माण प्रक्रिया विगतका अन्य संविधानको भन्दा कसरी फरक छ, लेख्नुहोस् ।<br>(ख) नेपालको संविधानका सामाजिक, राजनीतिक र आर्थिक विशेषताको सूची तयार गर्नुहोस् । | १८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १२. राज्यका आधारभूत तत्त्व पहिचान गर्न | **६.२ राज्यका आधारभूत तत्त्व**<br>● राज्यको अर्थ<br>● राज्यका आधारभूत तत्त्व<br>- भूमि<br>- जनसङ्ख्या<br>- सरकार<br>- सार्वभौमसत्ता | ● नेपालको संविधानको धारा ४ मा उल्लिखित व्यवस्था वाचन गर्न लगाई राज्यको परिभाषा सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● विद्यालयको ईपुस्तकालय वा कम्प्युटर ल्याब भ्रमण गराई इन्टरनेटमा राज्यका आधारभूत तत्त्व खोजी गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीका समूह बनाई प्रत्येक समूहले राज्यका एक एकओटा तत्त्वका सम्बन्धमा पाठ्यपुस्तक र सन्दर्भ सामग्री अध्ययन गरी छलफल र बुँदा टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) राज्य हुनका लागि के के तत्त्व आवश्यक पर्छन्, सूची बनाउनुहोस् ।<br>(ख) सार्वभौमसत्ता किन राज्यको एक महत्त्वपूर्ण तत्त्व हो, कारण दिनुहोस् ।<br>(ग) राज्यका लागि जनसङ्ख्याको महत्त्व शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् । | |
| | १३. राष्ट्र र राष्ट्रियताको सम्मान गर्न र राष्ट्रिय सरोकारका विषयप्रति सचेत रहन | **६.३ राष्ट्र, राष्ट्रियता र राष्ट्रिय सरोकारका विषय**<br>● राष्ट्र र राष्ट्रियता<br>● राष्ट्रिय सरोकारका विषय<br>- राष्ट्रिय अखण्डता<br>- राष्ट्रिय सुरक्षा<br>- राष्ट्रिय हित<br>- आत्मसम्मान | ● राज्यको अवधारणा र यसका तत्त्व सम्बन्धमा विद्यार्थीको पूर्वज्ञानलाई समेट्दै राष्ट्रको अवधारणा सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● राष्ट्र र राष्ट्रियतासँग सम्बन्धित गीत, कविता, घटना र भिडियो प्रस्तुत गरी राष्ट्र र राष्ट्रियताको परिचय दिनुहोस् ।<br>● जिग्स विधिको माध्यमबाट राष्ट्रिय सरोकारका विषयमा स्पष्ट पार्नुहोस् ।<br>● 'आत्मसम्मान र स्वाधीनता' शीर्षकमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) राज्य र राष्ट्रबिचको भिन्नता छुट्याउनुहोस् ।<br>(ख) राष्ट्र र राष्ट्रियताको भिन्नता प्रस्तुत गर्नुहोस् ।<br>(ग) विभिन्न राष्ट्रबिच सीमा विवादका कारण के के हुन सक्छन् ?<br>**२. वक्तृत्वकला प्रतियोगितामा विषयवस्तुको ज्ञान, तार्किकता, प्रस्तुतीकरण शैलीका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १४. सूचनाको हकको उपयोग गर्न | **६.४ सूचनाको हक**<br>● परिचय<br>● उपयोग गर्ने तरिका र अभ्यास | ● मस्तिष्कमन्थन विधिको माध्यमबाट नागरिकले सूचना पाउने हक सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● संविधान र सूचनाको हकसम्बन्धी ऐन २०६४ अध्ययन गराउने र समूहगत रूपमा यो हकको प्रयोग गर्ने विधि र तरिका लेख्न लगाई शिक्षकले आवश्यक पृष्ठपोषण दिनुहोस् ।<br>● सूचनाको हकअन्तर्गत पर्ने तथा नपर्ने विषय, सार्वजनिक निकायले प्रकाशित गर्नुपर्ने सूचना, सार्वजनिक निकायबाट सूचना प्राप्त गर्ने तरिकालगायतका विषयमा समूहकार्य गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● कुनै एक सार्वजनिक कार्यालयको वेबसाइट हेरेर वा भ्रमण गरेर सार्वजनिक निकायले कसरी सूचना सार्वजनिक गरेका छन्, खोजी गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीलाई व्यक्तिगत रूपमा सार्वजनिक निकायबाट सूचना प्राप्त गर्नका लागि सम्बन्धित सूचना अधिकारीलाई दिने निवेदनको नमुना तयार गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालको संविधानमा सूचनाको हकसम्बन्धी के कस्तो व्यवस्था छ ?<br>(ख) सूचनाको हकको कार्यान्वयनले पारेको प्रभाव मूल्याङ्कन गर्नुहोस् । | |
| ७. हाम्रो पृथ्वी | १५. विश्व मानचित्रमा नेपालको अवस्थिति एवम पहिचान उल्लेख गर्न | **७.१ विश्व मानचित्रमा नेपाल**<br>● अवस्थिति<br>● भौगोलिक पहिचान | ● विश्वको भित्ते नक्सा वा स्लाइड प्रर्दशन गर्ने र विद्यार्थीलाई नेपाल कहाँ छ ? नेपालको सिमानामा रहने राष्ट्र कुन कुन हुन्, प्रश्नोत्तर विधिको प्रयोग गरी प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई आफूसँग भएको एटलसको सहयोगमा नेपालको अवस्थिति अक्षांश तथा देशान्तर पत्ता लगाउन लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।<br>● विद्यार्थीलाई नेपालका महत्त्वपूर्ण भौगोलिक पहिचान झल्कने चित्र वा पोस्टर निर्माण गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालको अक्षांश र देशान्तर कति रहेको छ ?<br>(ख) नेपाललाई विश्वमा चिनाउने मुख्य भौगोलिक पहिचान के के हुन् ?<br>**२. चित्र वा पोस्टर निर्माणमा सिर्जनशीलता र निपुणताका आधारमा** | १६ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १६. नेपालका पर्यावरणीय क्षेत्रका विविध आयाम र तिनका विशेषता खोजी गर्न | **७.२ नेपालका पर्यावरणीय क्षेत्र**<br>● परिचय र विशेषता<br>● नेपालका प्राकृतिक स्रोतसाधनको पहिचान र उपयोग<br>- खनिज<br>- नदी<br>- माटो<br>- हावापानी<br>- जङ्गल<br>● प्राकृतिक स्रोतसाधनको अधिक दोहन र वातावरणीय प्रभाव | ● नेपालका पर्यावरणीय क्षेत्र र तिनका विशेषता र तिनको उपयोग झल्कने चित्र, चार्ट, फोटो तथा भिडियो प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।<br>● विद्यार्थीको विभिन्न समूह बनाई जिग्स विधिका माध्यमबाट नेपालको एउटा एउटा प्राकृतिक स्रोत सम्बन्धमा पाठ्यपुस्तक र सन्दर्भ सामग्री अध्ययन गरी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● नेपालमा प्राकृतिक स्रोत अतिक्रमणका विभिन्न स्वरूप झल्कने चित्र, फोटो तथा भिडियो प्रदर्शन गर्दै त्यसले पारेको वातावरणीय र सामाजिक प्रभाव सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● प्राकृतिक स्रोतसाधनको अधिक दोहनबाट पर्ने प्रभाव न्यूनीकरणका उपाय प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालका पर्यावरणीय क्षेत्रका महत्त्वपूर्ण विशेषता उल्लेख गर्नुहोस् ।<br>(ख) तपाइँको पर्यावरणीय क्षेत्रमा पाइने कुनै एक खनिज पदार्थको सम्बन्धमा लेख्नुहोस् ।<br>(ग) प्राकृतिक स्रोतसाधनको अधिक दोहनका कारण हुने वातावरणीय प्रभाव लेख्नुहोस् ।<br>(घ) प्राकृतिक स्रोतसाधनको अधिक दोहनबाट पर्ने प्रभाव न्यूनीकरण गर्ने उपाय प्रस्तुत गर्नुहोस् ।<br>**२. सन्दर्भ सामग्रीको प्रयोगमा सहभागिता र सक्रियताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ८. आर्थिक क्रियाकलाप | १७. नेपालको अर्थतन्त्रका आधार पहिचान गरी तिनका विशेषता खोजी गर्न | **८.१ नेपालको अर्थतन्त्रका आधार**<br>• कृषि, पर्यटन, उद्योग, सेवा र व्यापार<br>• वैदेशिक व्यापार | • विद्यार्थीमाझ विभिन्न उदाहरण प्रस्तुत गर्दै अर्थतन्त्रको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>• नेपालको अर्थतन्त्रका आधारलाई परिचित गराउँदै कृषि, पर्यटन, उद्योग सेवा र व्यापार गरी अर्थतन्त्रका पाँच आधार/क्षेत्रको वर्तमान अवस्था र महत्त्व लेखिएको चार्ट वा पावरप्वाइन्ट स्लाइड क्रमशः प्रस्तुत गर्दै प्रश्नोत्तर र छलफलद्वारा प्रस्ट पार्नुहोस् ।<br>• नेपालको अर्थतन्त्रका विशेषता (आवश्यक तथ्याङ्कसहित) लेखिएको चार्ट वा पावरप्वाइन्ट स्लाइड प्रस्तुत गर्दै प्रश्नोत्तर र छलफलद्वारा विशेषता प्रस्ट पार्नुहोस् ।<br>• समूहगत रूपमा नेपालको अर्थतन्त्रका आधार : कृषि, पर्यटन, उद्योग, सेवा र व्यापारको वर्तमान अवस्था, सम्भावना र चुनौती सम्बन्धमा छलफल गरी चार्टमा प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) उपयुक्त तथ्याङ्क प्रस्तुत गर्दै नेपालको अर्थतन्त्रका विशेषता उल्लेख गर्नुहोस् ।<br>(ख) कृषिलाई नेपालको अर्थतन्त्रको प्रमुख आधार किन मानिन्छ, तथ्यद्वारा पुस्टि गर्नुहोस् ।<br>(ग) नेपालमा व्यापार घाटाका कारण पहिचान गरी न्यूनीकरणका लागि सुझाव प्रस्तुत गर्नुहोस् ।<br>**२. समूह छलफल र प्रस्तुतिमा सहभागिता, सक्रियता, नेतृत्व क्षमताका आधारमा** | १८ |
| | १८. नेपालमा वित्तीय सङ्घीयताको वर्तमान अवस्था पहिचान गर्न | **८.२ नेपालमा वित्तीय सङ्घीयता**<br>• अवधारणा<br>• आधार स्तम्भ | • जोडीमा पठन र जोडीमा सारांश (Paired Reading-Paired Summarizing) सिकाइ रणनीति प्रयोग गर्दै वित्तीय सङ्घीयताको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>• विद्यार्थीलाई तल दिएका वित्तीय सङ्घीयताका चार आधार स्तम्भको विस्तृतीकरणसहितको चार्ट वा स्लाइड क्रमशः प्रस्तुत गरी प्रश्नोत्तर र छलफलद्वारा प्रस्ट पार्नुहोस् ।<br>(क) कार्य/खर्च जिम्मेवारीको बाँडफाँट (कुन तहको सरकारले के केमा खर्च गर्ने)<br>(ख) राजस्व अधिकारको बाँडफाँट (कुन तहको सरकारले कुन कुन कर तथा गैरकर राजस्व उठाउने)<br>(ग) वित्तीय हस्तान्तरणको व्यवस्थापन वा प्रबन्ध (अन्तरसरकारी वित्तीय हस्तान्तरण)<br>(घ) सार्वजनिक ऋणको उपयोग तथा नियमन<br>• विद्यार्थीको चारओटा समूह बनाई हरेक समूहले वित्तीय सङ्घीयताका चार आधार स्तम्भमध्ये गोला प्रथाद्वारा एउटा आधारस्तम्भ छनोट गरी उक्त आधारस्तम्भका बारेमा समूहगत छलफल गरी निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) वित्तीय सङ्घीयताको अर्थ प्रस्ट पार्नुहोस् ।<br>(ख) वित्तीय सङ्घीयताका आधार स्तम्भको परिचय दिनुहोस् ।<br>(ग) नेपालमा अन्तरसरकारी वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्थाको चर्चा गर्नुहोस् ।<br>**२. समूह छलफलमा सहभागिता, सक्रियता, नेतृत्व क्षमताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १९. वैदेशिक रोजगारी र विप्रेषणको सामाजिक आर्थिक प्रभाव उल्लेख गर्न | **८.३ वैदेशिक रोजगारी र विप्रेषण**<br>● परिचय<br>● सामाजिक आर्थिक प्रभाव<br>● ध्यान दिनुपर्ने पक्ष | ● तपाईंको परिवार वा समुदायका कोही व्यक्ति वैदेशिक रोजगारमा हुनुहुन्छ ? उहाँले विदेशमा कमाएर पठाएको पैसाले परिवार र देशका लागि कसरी सहयोग पुऱ्याएको छ भन्ने प्रश्नमा मस्तिष्कमन्थन गराई विभिन्न सान्दर्भिक उदाहरणद्वारा वैदेशिक रोजगारी र विप्रेषणको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● नेपालमा वैदेशिक रोजगारी र विप्रेषणका सामाजिक तथा आर्थिक प्रभाव लेखिएको चार्ट वा स्लाइड क्रमशः प्रस्तुत गरी प्रश्नोत्तर र छलफलद्वारा प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीबिच विभिन्न व्यक्तिले वैदेशिक रोजगारीमा जाँदा भोग्नुपरेका समस्यासँग सम्बन्धित पत्रपत्रिकाका समाचार वा भिडियो क्लिप वा घटना प्रस्तुत गर्दै छलफलबाट प्रस्ट पार्नुहोस् ।<br>● वैदेशिक रोजगारीमा जाँदा ध्यान दिनुपर्ने कुरा र कानुनी व्यवस्थाको सन्दर्भमा स्लाइड वा चार्ट प्रस्तुत गर्दै उक्त विषयवस्तु प्रश्नोत्तर गर्दै प्रस्ट पार्नुहोस् ।<br>● विप्रेषणको समुचित सदुपयोग कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा विभिन्न उदाहरण प्रस्तुत गर्दै विप्रेषणको समुचित सदुपयोग गर्ने तरिका अवलम्बन, अभ्यास र चेतना अभिवृद्धि गर्न अभिप्रेरित गर्नुहोस् ।<br>● 'नेपालका लागि विप्रेषण वरदान कि अभिशाप' विषयमा वादविवाद प्रतियोगिता आयोजना गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) वैदेशिक रोजगारी र विप्रेषणको परिचय दिनुहोस् ।<br>(ख) नेपालमा वैदेशिक रोजगारीका सामाजिक र आर्थिक प्रभावको मूल्याङ्कन गर्नुहोस् ।<br>(ग) वैदेशिक रोजगारीमा जाँदा ध्यान दिनुपर्ने कुरा समेटेर आफ्नो साथीलाई एउटा सुझाव पत्र लेख्नुहोस् ।<br>(घ) विप्रेषण पठाउँदा ध्यान दिनुपर्ने कुरा प्रस्तुत गर्नुहोस् ।<br>(ङ) विप्रेषणको समुचित प्रयोग गर्ने कुनै चारओटा तरिका बताउनुहोस् ।<br>(च) सुरक्षित वैदेशिक रोजगारका लागि ध्यान दिनुपर्ने कुरा सूचीबद्ध गर्नुहोस् ।<br>**२. वादविवाद प्रतियोगितामा सहभागिता, तार्किकता, विषयवस्तुको गहनता, प्रस्तुतीकरण शैलीका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ९. हाम्रो विगत | २०. विश्वमा लोकतन्त्रको उदय र विकासक्रम व्याख्या गर्न | **९.१ विश्वमा लोकतन्त्रको उदय र विकासक्रम**<br>● ऐतिहासिक घटना र प्रभाव<br>- म्याग्नाकार्टा<br>- बेलायतको गौरवमय क्रान्ति<br>- फ्रान्सेली राज्य क्रान्ति | ● लोकतन्त्रको अवधारणा बताउँदै विश्वमा लोकतन्त्रको उदयको पृष्ठभूमिलाई कथाकथन विधिबाट प्रस्तुत गर्नुहोस् ।<br>● लोकतान्त्रिक व्यवस्थामा नागरिकलाई हुने सहजता र जटिलता सम्बन्धमा मस्तिष्कमन्थन गराउनुहोस् ।<br>● विश्वमा लोकतन्त्रको उदयसँग सम्बन्धित घटनालाई समय रेखाको माध्यमबाट प्रस्तुत गर्नुहोस् ।<br>● नेपाल तथा विश्वमा भएको लोकतान्त्रिक अभ्यासबिच समानता र भिन्नताको विषयमा फिस बल (Fishbowl) विधिमार्फत छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● विश्व इतिहासका प्रमुख घटना म्याग्नाकार्टा, बेलायतको गौरवमय क्रान्ति र फ्रान्सको राज्य क्रान्तिसम्बन्धी समूहगत रूपमा सन्दर्भ सामग्री खोजी अध्ययन गर्न लगाई ती घटना हुनाका कारण र उपलब्धि प्रस्तुत गर्न लगाउनुहोस् । | **दिइएका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) म्याग्नाकार्टालाई किन लोकतन्त्रको आधारका रूपमा लिइन्छ ?<br>(ख) फ्रान्सको राज्यक्रान्ति र म्याग्नाकार्टाबिचका समानता र भिन्नता लेख्नुहोस् ।<br>(ग) फ्रान्सेली राज्य क्रान्तिले विश्वको लोकतान्त्रिक विकास र विस्तारमा पारेको प्रभाव विश्लेषण गर्नुहोस् ।<br>**२. छलफलमा सहभागिता, सक्रियता र नेतृत्व क्षमताका आधारमा** | १८ |
| | २१. वि.स. २०६२/६३ को जनआन्दोलनको कारण र उपलब्धि खोजी गर्न | **९.२ वि.स. २०६२ /६३ को जनआन्दोलन**<br>- कारण<br>- उपलब्धि | ● जनआन्दोलन २०६२/६३ का पृष्ठभूमि प्रस्तुत गरी त्यस सम्बन्धमा विद्यार्थीको विचार तथा धारणा लिनुहोस् ।<br>● जनआन्दोलन २०६२ /६३ को भिडियो वा चित्र प्रदर्शन गर्दै छलफल गराउनुहोस् र यो आन्दोलनको कारण पहिचान गर्न लगाउनुहोस् ।<br>● जनआन्दोलन २०६२/६३ का उपलब्धि र तिनले पारेको प्रभाव खोजी गरी चार्ट/स्लाइडमा प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) जनआन्दोलन २०६२/६३ का मुख्य कारण उल्लेख गर्नुहोस् ।<br>(ख) नेपालको इतिहासमा २०६२/०६३ को जनआन्दोलनका महत्त्वपूर्ण उपलब्धि लेख्नुहोस् ।<br>(ग) २०६२/०६३ को जनआन्दोलनपश्चात् नेपालमा भएका महत्त्वपूर्ण राजनीतिक घटना लेख्नुहोस् ।<br>**२. चार्ट/स्लाइडमा विषयवस्तुको गहनता, सिर्जनशीलता, साजसज्जाका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २२. लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल (२०६५ देखि हालसम्म) को राजनीतिक, सामाजिक र आर्थिक उपलब्धि उल्लेख गर्न | **९.३ लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल (२०६५ देखि हालसम्म) का उपलब्धि**<br>● राजनीतिक<br>● सामाजिक<br>● आर्थिक | ● लोकतान्त्रिक गणतन्त्रपछि भएका उपलब्धि चित्र वा पोस्टरमा प्रस्तुत गरी छलफल गराउनुहोस् ।<br>● विद्यार्थीलाई समूहगत रूपमा लोकतान्त्रिक गणतन्त्रपछि भएका राजनीतिक, सामाजिक र आर्थिक उपलब्धि पहिचान गर्न लगाउनुहोस् ।<br>● लोकतान्त्रिक गणतन्त्र स्थापनापछि भएका प्रमुख घटना (जस्तै : संविधान जारी, सङ्घीयता) बारे भिडियो, चित्र आदिका आधारमा अन्तर्क्रिया गराउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल (२०६५ देखि हालसम्म) का तीन प्रमुख राजनीतिक उपलब्धि बताउनुहोस् ।<br>(ख) वि.स. २०६२/६३ को जनआन्दोलनमा सहभागी हुनुभएको व्यक्तिसँग कुराकानी गरी प्राप्त विवरणलाई प्रस्तुत गर्नुहोस् ।<br>(ग) वि.स. २०६५ देखि हालसम्मको सामाजिक तथा आर्थिक अवस्था सम्बन्धमा उल्लेख गर्नुहोस् ।<br>**२. अन्तर्क्रियामा सहभागिता र सक्रियताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १०. हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | २३. युरोपेली सङ्घ (EU) र जापानसँग नेपालको आपसी सम्बन्ध र सहयोग विश्लेषण गर्न | **१०.१ युरोपेली सङ्घ (EU) र जापानसँग नेपालको आपसी सम्बन्ध र सहयोग**<br>● सामाजिक सांस्कृतिक सम्बन्ध<br>● आर्थिक सम्बन्ध | ● नेपाल र युरोपेली सङ्घ (EU) बिच निकटताका सम्बन्धमा आर्थिक तथा व्यापारिक पक्ष प्रस्तुत गर्नुहोस् ।<br>● नेपालको युरोपेली सङ्घ (EU) सँग किन आपसी सम्बन्ध र सहयोग मजबुत र निकट रहेको छ भन्ने कारणका सम्बन्धमा सोच- जोडीमा छलफल- आदानप्रदानबाट प्रस्तुत गर्न लगाई चार्टको माध्यमबाट प्रदर्शन गर्दै प्रस्ट पार्नुहोस् ।<br>● नेपालको जापानसँग रहेको द्विपक्षीय सम्बन्धबारे इन्टरनेटको माध्यमबाट तथ्य खोजी गरी यसबाट दुबै देशले लिएको लाभका सम्बन्धमा छलफल गरी प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) नेपाल र युरोपेली सङ्घ (EU) सम्बन्धका आर्थिक तथा व्यापारिक आधार प्रस्तुत गर्नुहोस् ।<br>(ख) नेपालमा जापानी सहयोगबाट सञ्चालित विकास योजना र तिनको योगदान तालिकामा प्रस्तुत गर्नुहोस् ।<br>(ग) नेपाल र जापानबिचको सामाजिक सम्बन्धबारे छलफल गर्नुहोस् ।<br>**२. सोच- जोडीमा छलफल- आदानप्रदानमा सहभागिता र सक्रियताका आधारमा** | १० |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २४ नेपालमा वैश्विक सङ्गठनको सामाजिक आर्थिक भूमिका खोजी गर्न | **१०.२ नेपालमा वैश्विक सङ्गठनको सामाजिक आर्थिक भूमिका**<br>• विश्व स्वास्थ्य सङ्गठन (World Health Organization/WHO)<br>• विश्व व्यापार सङ्गठन (World Trade Organization/ WTO)<br>• अन्तर्राष्ट्रिय मुद्राकोष (International Monetary Fund/IMF)<br>• संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (United Nations Educational, Scientific and Cultural Organization/ UNESCO) | • वैश्विक सङ्गठनको उद्भवको पृष्ठभूमि उदाहरणबाट प्रस्ट पार्नुहोस् ।<br>• वैश्विक सङ्गठनको योगदान सम्बन्धमा विभिन्न समाचार तथा लेख सङ्कलन गरी तिनको प्रभाव सम्बन्धमा छलफल एवम् अन्तर्क्रिया गराउनुहोस् ।<br>• वैश्विक सङ्गठनले नेपालमा गरेको कार्यबाट परेको सामाजिक तथा आर्थिक प्रभावलाई समूहगत विश्लेषण गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।<br>• संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (UNESCO) ले नेपालको सामाजिक तथा सांस्कृतिक क्षेत्रमा पुऱ्याएको योगदान सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) वैश्विक सङ्गठनको उद्भवको पृष्ठभूमि उल्लेख गर्नुहोस् ।<br>(ख) विश्व व्यापार सङ्गठनको सदस्य भएपश्चात् नेपालमा बाह्य व्यापारको अवस्थाको प्रवृत्तिबारे चर्चा गर्नुहोस्<br>(ग) विश्व स्वास्थ्य सङ्गठनबाट नेपालले लिएका लाभ पहिचान गरी सूचीबद्ध गर्नुहोस् ।<br>(घ) नेपालको आर्थिक वृद्धि र विकासको क्षेत्रमा अन्तर्राष्ट्रिय मुद्राकोषको सहयोग क्षेत्रको सूची तयार पार्नुहोस् ।<br>(ङ) नेपालको सामाजिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (UNESCO) को योगदानको मूल्याङ्कन गर्नुहोस् ।<br>(च) नेपालमा वैश्विक सङ्गठनको सामाजिक भूमिका प्रकाश पार्दै दैनिक पत्रिकाका लागि सम्पादकीयको एक नमुना तयार पार्नुहोस् ।<br>**२. अन्तर्क्रियामा सहभागिता र सक्रियताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ११.जनसङ्ख्या व्यवस्थापन | २५. बस्तीको प्रकार र सामाजिक सेवाबिचको सम्बन्ध विश्लेषण गर्न | **११.१ बस्ती**<br>● बस्तीको प्रकार<br>● बस्ती र सामाजिक सेवाबिचको सम्बन्ध | ● सोच-जोडीमा छलफल-आदानप्रदान गर (Think-Pair-Share) को माध्यमबाट बस्तीको परिचय र प्रकार लेखी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● बस्तीको प्रकृति सम्बन्धमा चार्ट पेपर वा भिडियो क्लिप प्रस्तुत गरी प्रश्नोत्तर र छलफलद्वारा विषयवस्तु प्रस्ट पार्नुहोस् ।<br>● बस्ती र सामाजिक सेवाबिचको अन्तरसम्बन्ध झल्काउने विभिन्न सामग्री (चित्र, श्रव्यदृश्य सामग्री आदि) सङ्कलन गरी प्रस्तुत गर्न लगाउनुहोस् र सारांश लेखनमार्फत सिकाइको सबलीकरण गराउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) बस्ती भनेको के हो, बस्तीको वर्गीकरणका आधार उल्लेख गर्नुहोस् ।<br>(ख) 'बस्तीको प्रकृति र सामाजिक सेवाबिच गहिरो सम्बन्ध हुन्छ ।' यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।<br>(ग) ग्रामीण र सहरी बस्तीका समानता तथा भिन्नता लेख्नुहोस् ।<br>**२. सामग्री सङ्कलन र प्रस्तुतीकरणमा विद्यार्थीको सहभागिता, सक्रियता, सिर्जनशीलता र लेखाइका आधारमा** | १० |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २६. बस्ती विकास र पर्यावरणीय क्षेत्रबिचको अन्तरसम्बन्ध उल्लेख गर्न | **११.२ बस्ती विकास र पर्यावरणीय क्षेत्र**<br>● परिचय<br>● अन्तरसम्बन्धको क्षेत्र | ● मानव बस्ती र पर्यावरणीय क्षेत्रबिचको अन्तरसम्बन्धलाई चित्र भिडियो, पोस्टर आदिको माध्यमबाट प्रस्ट्याउनुहोस् ।<br>● बस्ती विकास र पर्यावरणीय क्षेत्रबिचको अन्तरसम्बन्ध देखाउन विभिन्न बुँदा/उदाहरण चार्ट वा स्लाइड प्रदर्शन गरी प्रस्ट पार्नुहोस् ।<br>● कुनै एउटा बस्तीको भ्रमण गराई बस्ती र पर्यावरणबिचको सम्बन्ध अवलोकन तथा सोधपुछ गरी प्रतिवेदन तयार पार्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>१. **नमुना प्रश्न**<br>(क) मानव बस्तीको विकासको सम्बन्धमा एक अनुच्छेद लेख्नुहोस् ।<br>(ख) विभिन्न पर्यावरणीय क्षेत्रको भौगोलिक अवस्थाले मानव बस्तीको विकासमा पारेको प्रभाव उल्लेख गर्नुहोस् ।<br>(ग) 'मानव बस्ती र पर्यावरणबिच निकट सम्बन्ध रहेको हुन्छ ।' यस भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।<br>२. **क्षेत्र भ्रमणमा सहभागिता, सक्रियता, सङ्कलित तथ्य र प्रस्तुतिका आधारमा** | |
| | २७. बसाइँसराइको वर्गीकरण र प्रवृत्ति उल्लेख गर्न | **११.३ बसाइँसराइ**<br>● वर्गीकरण (भूगोल, अवधि, उद्देश्य)<br>● नेपालमा बसाइँसराइको प्रवृत्ति | ● कुनै व्यक्ति वा परिवारमा विभिन्न उद्देश्य (अध्ययन, रोजगार, विवाह आदि) ले बसाइँ सरेर गएको वा आएको प्रसङ्ग प्रस्तुत गर्दै एक काल्पनिक वा वास्तविक मामला अध्ययनको ढाँचामा प्रस्तुति तयार पारी कथाकथन विधिको माध्यमबाट प्रस्तुत गर्दै बसाइँसराइको अवधारण प्रस्ट पार्नुहोस् ।<br>● बसाइँसराइको वर्गीकरण र प्रवृत्तिको चार्ट वा पावरप्वाइन्ट स्लाइड क्रमशः प्रस्तुत गर्दै बसाइँसराइको वर्गीकरण र नेपालमा बसाइँसराइको प्रवृत्तिका बारेमा प्रश्नोत्तर तथा छलफलद्वारा तथ्य/तथ्याङ्कसहित प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>१. **नमुना प्रश्न**<br>(क) बसाइँसराइ भनेको के हो ?<br>(ख) बसाइँसराइलाई कसरी वर्गीकरण गर्न सकिन्छ, उल्लेख गर्नुहोस् ।<br>(ग) नेपालमा बसाइँसराइको प्रवृत्ति उल्लेख गर्नुहोस् ।<br>२. **छलफलमा सहभागिता, सक्रियता र नेतृत्व क्षमताका आधारमा** | |

<table>
<tr><th>विषयक्षेत्र</th><th>सिकाइ उपलब्धि</th><th>विषयवस्तुको विस्तृतीकरण</th><th>सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप</th><th>सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया</th><th>कार्य घण्टा</th></tr>
<tr><td></td><td>२८. बसाइँसराइको कारण र प्रभाव विश्लेषण गर्न</td><td>११.४ बसाइँसराइको कारण र प्रभाव<br>● कारण<br>● प्रभाव<br>- सामाजिक सांस्कृतिक<br>- आर्थिक</td><td>● नेपालमा बसाइँसराइका कारण के के हुन सक्छन् भन्ने सम्बन्धमा विद्यार्थीलाई मस्तिष्कमन्थन गराउनुहोस् ।<br>● बसाइँसराइका सम्भावित कारण लेखिएको चार्ट वा स्लाइड प्रस्तुत गर्दै प्रश्नोत्तर तथा छलफलद्वारा प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई समूहगत रूपमा नेपालमा बसाइँसराइका सामाजिक, सांस्कृतिक र आर्थिक प्रभावसम्बन्धी स्रोत पुस्तिकाको अध्ययन गर्न लगाई समूहगत प्रस्तुति गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।</td><td>तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः<br>१. नमुना प्रश्न<br>(क) नेपालमा बसाइँसराइका कारण उल्लेख गरी यसको न्यूनीकरणका उपाय सुझाउनुहोस् ।<br>(ख) नेपालमा बसाइँसराइका सामाजिक, सांस्कृतिक र आर्थिक प्रभाव उजागर गर्नुहोस् ।<br>२. समूह छलफल र प्रस्तुतीकरणमा विषयवस्तुको गहनता, सिर्जनशीलताका आधारमा</td><td></td></tr>
<tr><td>१२. जीवनोपयोगी सिप</td><td>२९. जीवनोपयोगी सिपको परिचय दिन र अभ्यास गर्न</td><td>१२.१ जीवनोपयोगी सिप<br>● अवधारणा<br>● परिचय र अभ्यास<br>- समस्या समाधान<br>- सञ्चार<br>- नेतृत्व सिप<br>- अन्तरवैयक्तिक सिप<br>- समानुभूति</td><td>● कुनै एक समस्याका आधारमा विद्यार्थीको धारणा सङ्कलन गर्ने, तर्क दिन उत्प्रेरित गर्ने, आफ्ना अभिव्यक्ति प्रस्ट बोधगम्य तरिकाले राख्न लगाउने जस्ता क्रियाकलाप गराई यसैका आधारमा जीवनोपयोगी सिपको परिचय दिनुहोस् ।<br>● समूहगत रूपमा प्रत्येक विद्यार्थीलाई अरूसँग गर्ने व्यवहार, सहयोग, सम्मान तथा समानुभूतिका अभ्यास विगतमा गरेका अनुभव र वर्तमानमा गर्न सक्ने कार्य आदानप्रदान गर्न लगाउनुहोस् ।<br>● शिक्षकले विद्यार्थीको व्यवहारको सूक्ष्म अवलोकन गर्दै राम्रा अभ्यासलाई बधाई ज्ञापन र निरन्तरता तथा कमजोर पक्षलाई सुधारका लागि सुझावका माध्यमबाट जीवनोपयोगी सिप प्रवर्धन र अभ्यास गर्न प्रेरित गर्नुहोस् ।</td><td>तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः<br>१. नमुना प्रश्न<br>(क) जीवनोपयोगी सिप भनेको के हो ?<br>(ख) साथी र अन्य व्यक्तिसँगको सम्बन्ध सुमधुर राख्न के कस्ता व्यवहार र अभ्यास गर्नुभएको छ, लेख्नुहोस् ।<br>२. दिइए जस्तै श्रेणीमापन प्रयोग गरेर जीवनोपयोगी सिपको मूल्याङ्कन गरेर
<table>
<tr><th>समस्या समाधान</th><th>उत्कृष्ट</th><th>मध्यम</th><th>सामान्य</th></tr>
<tr><td>(अ) समस्या पहिचान गर्न सक्ने</td><td></td><td></td><td></td></tr>
<tr><td>(आ) विकल्प निर्माण गर्न सक्ने</td><td></td><td></td><td></td></tr>
<tr><td>(इ) उपलब्ध विकल्पबाट सही विकल्प छनोट गर्न सक्ने</td><td></td><td></td><td></td></tr>
<tr><td>(ई) विकल्प कार्यान्वयन गर्न सक्ने</td><td></td><td></td><td></td></tr>
</table></td><td>१०</td></tr>
</table>

## कक्षा १२

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. सामाजिक अध्ययनको परिचय | १. सामाजिक अध्ययन र सामाजिक विज्ञानबिचको अन्तरसम्बन्ध उल्लेख गर्न | **१.१ सामाजिक अध्ययन र सामाजिक विज्ञान**<br>● अन्तरसम्बन्ध<br>● सामाजिक अध्ययनका सिप<br>● सामाजिक अध्ययनमा अनुसन्धान | ● सामाजिक विज्ञानका विषयको समूहगत रूपमा सूची निर्माण गर्न लगाउनुहोस् र सामाजिक अध्ययनमा कुन कुन विज्ञानका विषयवस्तु समायोजन गरिएका रहेछन् एकाइ वा क्षेत्रसमेत पहिचान तथा टिपोट गर्न लगाई अन्तरसम्बन्धसम्बन्धी चार्ट वा चित्र वा स्लाइड प्रस्तुत गरी छलफल गर्नुहोस् ।<br>● समूह निर्माण गर्दै सामाजिक अध्ययन विषयका विभिन्न विधाअनुरूप विषयवस्तुमा आधारित सिप, जस्तै : सहयोग, सहकार्य, मेलमिलाप, समानुभूति आदि सामाजिक सिप प्रदर्शन, वक्तृत्वकला, कार्यपत्र लेखन, समाचार, कार्ययोजना निर्माण आदि सिप प्रदर्शन गर्न लगाई पृष्ठपोषण प्रदान गर्नुहोस् ।<br>● सामाजिक अध्ययनमा अनुसन्धान किन र कसरी गर्ने भन्ने तथ्य प्रस्तुत गर्दै अनुसन्धानका निम्ति प्रस्तावनाको ढाँचा, प्रतिवेदन तयारीलगायतमा छलफल गरी निष्कर्षमा पुग्नुहोस् र अनुसन्धानका लागि विषयवस्तु र शीर्षक दिई अनुसन्धान कार्यमा संलग्न गराउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सामाजिक अध्ययन र सामाजिक विज्ञानबिचको अन्तरसम्बन्ध लेख्नुहोस् ।<br>(ख) सामाजिक अध्ययन र सामाजिक विज्ञानबिचको भिन्नता लेख्नुहोस् ।<br>(ग) सामाजिक अध्ययनअन्तर्गतका कुन कुन सिप तपाईंले हासिल गरिसक्नुभएको छ र कुन कुन सिप हासिल गर्न बाँकी छ, लेख्नुहोस् ।<br>(घ) सामाजिक अध्ययनमा अनुसन्धान प्रस्तावनाको परिचय दिई प्रस्तावना तयार पार्दा ध्यान दिनुपर्ने पक्ष लेख्नुहोस् ।<br>**२. सामाजिक सिप, प्रदर्शन, वक्तृत्वकला, कार्यपत्र लेखन, समाचार लेखन आदिमा अभिव्यक्त गरेको विषयवस्तुको ज्ञान, तार्किकता, प्रस्तुतीकरण शैलीका आधारमा श्रेणी मापन, रुब्रिक्स आदि साधन प्रयोग गरी मूल्याङ्कन गरेर** | १० |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| २. हामी र हाम्रो समाज | २. समतामूलक समाजको परिचय दिई समतामूलक समाज निर्माणमा सहभागी हुन | **२.१ समतामूलक समाज**<br>● परिचय र विशेषता<br>● समतामूलक समाज निर्माणका तरिका<br>- समावेशीकरण<br>- सशक्तीकरण<br>- मूल प्रवाहीकरण<br>- सकारात्मक विभेद<br>- हस्तक्षेपकारी नीति | ● आफू बसेको वडा कार्यालयको भ्रमण गरी सो वडामा बसोबास गर्ने जातजाति र तिनको शैक्षिक, आर्थिक तथा समाजिक अवस्थासम्बन्धी विवरण सङ्कलन गर्न लगाउनुहोस् ।<br>● सङ्कलित विवरणका आधारमा सामाजिक आर्थिक समानता वा असमानता के कति छन् ? सोधखोज गरी समानता कायम गर्न के के प्रयास भएका छन् र अब के के गर्नुपर्छ, सूची तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● समतामूलक समाज निर्माणका लागि आफ्नो समुदायमा गरिएका सकारात्मक विभेद, सशक्तीकरण, मूलप्रवाहीकरणका प्रयासको खोजी गरी समाचार वा सम्पादकीयको नमुना तयार पार्न लगाउनुहोस् ।<br>● सारांश लेखन (Summary Writing) मार्फत समतामूलक समाज निर्माणका आधार सम्बन्धमा सिकाइको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) समतामूलक समाज भनेको के हो ?<br>(ख) समतामूलक समाज निर्माणका उपाय उल्लेख गर्नुहोस् ।<br>(ग) समावेशीकरण कसरी समतामूलक समाज निर्माणको एक आधार हो, कारण दिनुहोस् ।<br>(घ) हस्तक्षेपकारी नीतिको फाइदा तथा बेफाइदा लेख्नुहोस् ।<br>**२. विद्यार्थीले तयार गरेको समाचार वा सम्पादकीयको ढाँचा, विषयवस्तुको गहनता, सिर्जनशीलता आदिका आधारमा** | १० |
| | ३. नेपालमा समावेशीकरणका अभ्यासको खोजी गर्न | **२.२ नेपालमा समावेशीकरण र अभ्यास**<br>- लैङ्गिक<br>- अपाङ्गता<br>- जातीय<br>- क्षेत्रीय/ भौगोलिक | ● तपाईं बसोबास गरेको समुदायमा के कस्ता जातिगत, लैङ्गिक, अपाङ्गता, क्षेत्रगत आदि अवस्थाका मानिसको बसोबास रहेको छ ? भन्दै मस्तिष्कमन्थन गराउनुहोस् ।<br>● उल्लेख गरिएका विविधतायुक्त मानिसलाई के कस्ता अतिरिक्त सेवा, सुविधा र सहभागिताको अवसर प्रदान गरिएको छ भन्ने विषयमा छलफल गराई समावेशीकरणको अभ्यास प्रस्ट पार्नुहोस् ।<br>● अपाङ्ता भएका व्यक्तिलाई राज्यद्वारा दिइने सामाजिक सुरक्षाका प्रावधानलाई चार्टमा प्रस्तुत गर्दै समूहगत छलफल गराउनुहोस् ।<br>● अब मेरो पालो (Pens in the middle) क्रियाकलापमार्फत सिकाइको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालमा लैङ्गिक समावेशीकरणका लागि भएका प्रयासलाई सूची बनाई प्रस्तुत गर्नुहोस् ।<br>(ख) क्षेत्रीय वा भौगोलिक समावेशीकरण भनेको के हो ? यसको कार्यान्वयनले के के लाभ प्राप्त हुन्छ, लेख्नुहोस् ।<br>**२. समूहगत छलफलमा सहभागिता, सक्रियता, नेतृत्व क्षमताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ३. विकासका पूर्वाधार | ४. शिक्षा, मानव संसाधन र रोजगारीबिचको अन्तरसम्बन्ध विश्लेषण गर्न | **३.१ शिक्षा, मानव संसाधन र रोजगारी**<br>● परिचय<br>● अन्तरसम्बन्ध | ● शिक्षकले सर्वप्रथम प्रश्नोत्तर विधिको माध्यमबाट विद्यार्थीलाई तपाईं भविष्यमा कुन पेसा अपनाउन चाहनुहुन्छ, उक्त पेसाका लागि कस्तो शिक्षा र सिप चाहिन्छ जस्ता प्रश्न गर्दै शिक्षाको आवश्यकता सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीका विभिन्न समूह निर्माण गरी समूहगत रूपमा मानव संसाधन विकास गर्ने तरिका, मानव संसाधन विकासको आवश्यकता, शिक्षा र मानव संसाधनबिचको अन्तरसम्बन्धका विषयमा छलफल गरी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● प्राविधिक तथा व्यावसायिक शिक्षासँग सम्बन्धित चित्र, फोटो वा भिडियो प्रस्तुत गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षाको परिचय र महत्त्व सम्बन्धमा छलफल गराउनुहोस् ।<br>● मानव संसाधन विकास र रोजगारी सिर्जनाका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको आवश्यकता र महत्त्व लेखिएको चार्ट प्रदर्शन गरी प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) मानव संसाधनको परिचय दिई मानव संसाधन विकासका लागि शिक्षाको भूमिका उल्लेख गर्नुहोस् ।<br>(ख) प्राविधिक तथा व्यावसायिक शिक्षा र रोजगारीबिचको सम्बन्ध शीर्षकमा एक लेख लेख्नुहोस् ।<br>**२. विद्यार्थीको समूहकार्यमा सहभागिता, सक्रियता, जिम्मेवारी वहन, प्रस्तुतीकरण लगायतका आधारमा रुब्रिक्सको प्रयोग गरेर** | १२ |
| | ५. शिक्षाले सामाजिक र आर्थिक विकासमा पुऱ्याउने योगदान उल्लेख गर्न | **३.२ शिक्षा र विकास**<br>● सामाजिक विकास<br>● आर्थिक विकास | ● शिक्षाले देशको सामाजिक तथा आर्थिक विकासमा कसरी प्रभाव पार्छ होला भनी प्रश्न गर्ने र सोच-जोडीमा छलफल- आदानप्रदान गर विधिको प्रयोग गरी स्पष्ट पार्नुहोस् ।<br>● शिक्षाले सामाजिक तथा आर्थिक विकासमा पुऱ्याउने योगदानका बारेमा Running Dictation विधिको माध्यमबाट छलफल गराई स्पष्ट पार्नुहोस् ।<br>● शिक्षाले सामाजिक आर्थिक विकासमा पुऱ्याउने योगदान कथा, कविता, गीत, नाटक, चित्र आदिमार्फत व्यक्त गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) शिक्षाले आर्थिक विकासमा कसरी योगदान पुऱ्याउँछ ?<br>(ख) सामाजिक रूपान्तरणमा शिक्षाको भूमिका उल्लेख गर्नुहोस् ।<br>(ग) शिक्षा र विकासको अन्तरसम्बन्ध उल्लेख गर्दै सम्पादकीय तयार पार्नुहोस् ।<br>**२. रुजुसूची, रुब्रिक्स, श्रेणी मापनको प्रयोग गरी विद्यार्थीले गरेको समूहकार्यमा सहभागिता, सहयोग, सक्रियता आदिका आधारमा**<br>**३. सिर्जनात्मक लेखनमा सिर्जनशीलता, विषयवस्तुको गहनता, प्रस्तुति शैलीका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ४. हाम्रा मूल्यमान्यता | ६. शान्ति संस्कृति प्रवर्धनका उपाय खोजी तथा अभ्यास गर्न | **४.१ शान्ति संस्कृति**<br>● अवधारणा<br>● प्रवर्धनका उपाय<br>● अभ्यास | ● शान्ति संस्कृति भनेको के होला भनी APPLE Technique मार्फत प्रश्न गर्दै विद्यार्थीको पूर्वज्ञान समेटी शान्ति संस्कृतिको अवधारणा स्पष्ट पार्नुहोस् ।<br>● शिक्षकले आपसी एकता, मेलमिलाप, सहयोग, सहकार्य, द्वन्द्व, हिंसासँग सम्बन्धित चित्र, फोटा र भिडियो क्लिप्स प्रदर्शन गर्दै शान्ति र द्वन्द्वसँग सम्बन्धित दुबै प्रकृतिका चित्रबिच तुलना गर्न लगाई शान्ति संस्कृतिको महत्त्व प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीको समूह निर्माण गरी शान्ति संस्कृतिको प्रवर्धनका लागि विद्यार्थी तथा समाजले गर्न सक्ने भूमिका र राज्यले निभाउनुपर्ने भूमिका सम्बन्धमा प्यानल छलफलद्वारा प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) शान्ति संस्कृति भनेको के हो ?<br>(ख) शान्ति संस्कृति कसरी विकास गर्न सकिन्छ ?<br>(ग) शान्ति संस्कृति प्रवर्धनमा तपाइँले खेल्न सक्ने भूमिका उल्लेख गर्नुहोस् ।<br>**२. रुजुसूची, श्रेणी मापन आदिको प्रयोग गरी छलफल तथा अन्तर्क्रियामा सहभागिता, सक्रियता, जिम्मेवारी वहन, प्रस्तुतीकरण लगायतका आधारमा** | १४ |
| | ७. सदाचार र सामाजिक जवाफदेहिताको अनुसरण गर्न | **४.२ सदाचार र सामाजिक जवाफदेहिता**<br>● परिचय<br>● भूमिका | ● सदाचार र जवाफदेहिता दुई शब्दलाई अलग अलग मेटाकार्डमा प्रदर्शन गर्दै विद्यार्थीलाई ती शब्दको अर्थ कापीमा लेख्न लगाउनुहोस् र जोडीमा तुलना गराई सदाचार र जवाफदेहिताको धारणा स्पष्ट पार्नुहोस् ।<br>● सदाचारी व्यक्तिमा हुनुपर्ने गुण बताउँदै विद्यार्थीलाई त्यस्ता गुणको अनुसरण गर्न उत्प्रेरित गर्नुहोस् ।<br>● सदाचार र सामाजिक जवाफदेहिताबिचको अन्तरसम्बन्धका बारेमा विभिन्न उदाहरण दिँदै समूह छलफलको माध्यमबाट स्पष्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सदाचार भनेको के हो ? यसको महत्त्व उल्लेख गर्नुहोस् ।<br>(ख) सामाजिक जवाफदेहिताका के कस्ता अभ्यास तपाइँले आफ्नो दैनिक जीवनमा प्रयोग गर्नुभएको छ, लेख्नुहोस् ।<br>**२. छलफलमा सहभागिता, सक्रियता र नेतृत्व क्षमताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | ८. सामाजिक सम्बन्ध विकासका आधार पहिचान गरी सामाजिक अन्तरनिर्भरताको महत्त्व उल्लेख गर्न | **४.३ सामाजिक सम्बन्धको विकास र सामाजिक अन्तरनिर्भरता**<br>● सामाजिक सम्बन्ध विकासका आधार<br>● सामाजिक अन्तरनिर्भरताको महत्त्व | ● विद्यार्थीलाई आआफ्नो समुदायको सामाजिक सम्बन्ध र अन्तरनिर्भरतासँग सम्बन्धित अभ्यास, जस्तै : पर्म, ऐँचोपैँचो, मेलापात जस्ता अवसरमा एकआपसमा सहयोग, सहभागिता, मेला महोत्सवमा संलग्नता, सामाजिक कार्यमा सहभागिता आदिको अवस्था सम्बन्धमा आफ्ना अनुभव बताउन लगाई सामाजिक अन्तरनिर्भरताको अवधारणा प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीका विभिन्न समूह निर्माण गरी सामाजिक सम्बन्धको परिचय, सामाजिक सम्बन्धको विकास, सामाजिक अन्तरनिर्भरताको परिचय र महत्त्व सम्बन्धमा ग्यालरी वाक विधिमार्फत छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई सामाजिक सम्बन्धको विकास किन र कसरी हुँदै आएको छ भनी छलफल गराई प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) सामाजिक सम्बन्ध भनेको के हो ?<br>(ख) सामाजिक अन्तरनिर्भरताको परिचय दिँदै यसको महत्त्व उल्लेख गर्नुहोस् ।<br>(ग) "सामाजिक अन्तरनिर्भरताले सामाजिक सम्बन्ध स्थापना गर्न महत्त्वपूर्ण भूमिका खेल्छ ।" उदाहरणसहित प्रस्ट पार्नुहोस् ।<br>**२. ग्यालरी वाक क्रियाकलापमा विद्यार्थीले प्रस्तुत गरेको विषयवस्तु, सक्रियता, सहकार्य, सुझाव आदिका आधारमा** | |
| ५. सामाजिक सुधार | ९. असल समाजका बाधकतत्त्व पहिचान गरी समाधानका उपाय अवलम्बन गर्न | **५.१ नेपालमा असल समाजका बाधकतत्त्व**<br>● परिचय, असर र समाधानका उपाय<br>- बौद्धिक पलायन<br>- उपभोगवादी संस्कृति<br>- बौद्धिक सम्पत्तिको दुरुपयोग<br>- गलत मनोवृत्ति र व्यवहार (घुसखोरी, कर छली, डिजिटल ठगी) | ● सङ्गठित सिंहावलोकन विधिको प्रयोग गरी बौद्धिक पलायनको अवधारणा दिँदै विषयवस्तुमा विद्यार्थीलाई जोड्दै सिकाइका लागि उत्प्रेरित गर्नुहोस् ।<br>● नेपालमा बौद्धिक पलायनका स्वरूप, कारण र असर झल्कने चित्र, फोटा, भिडियो तथा चार्ट प्रदर्शन गर्दै त्यसको समाधानका उपाय सम्बन्धमा छलफल गर्नुहोस् ।<br>● बौद्धिक सम्पत्तिको दुरुपयोग, उपभोगवादी संस्कृति र गलत मनोवृत्ति सम्बन्धमा जिग्स विधिको प्रयोग गरी यी प्रवृत्तिले समाजमा पार्ने नकारात्मक असर सम्बन्धमा छलफल गराउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) बौद्धिक पलायन हुँदा समाज र राष्ट्रमा के कस्तो असर पर्छ, लेख्नुहोस् ।<br>(ख) बौद्धिक सम्पत्तिको दुरुपयोग नियन्त्रण गर्ने उपाय के के हुन सक्छन्, सुझाव दिनुहोस् ।<br>(ग) समाजमा उपभोगवादी संस्कृति बढ्दै जानुका कारण पहिचान गरी समाधानका उपाय सुझाउनुहोस् ।<br>**२. जिग्स क्रियाकलापमा विद्यार्थीले प्रस्तुत गरेको विषयवस्तु, सक्रियता, सहकार्य, सुझाव, सहभागिता आदिका आधारमा** | १४ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १०. नेपालमा सामाजिक सुधारका लागि गैरसरकारी संस्थाको भूमिका खोजी गर्न | **५.२ नेपालमा सामाजिक सुधारका लागि भएका प्रयास**<br>● गैरसरकारी संस्थाको भूमिका<br>- सिविन<br>- सेभ द चिल्ड्रेन (बाल बचाऔँ)<br>- माइती नेपाल | ● नेपालमा सामाजिक सुधारका लागि गैरसरकारी संस्थाको भूमिकाको सूची प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।<br>● विद्यार्थीको तीन समूह बनाई सिविन, सेभ द चिल्ड्रेन, माइती, नेपालका सम्बन्धमा पाठ्यपुस्तक, इन्टरनेट वा सन्दर्भ सामग्रीको अध्ययन तथा छलफल गरी प्रत्येकका कार्यका मुख्य बुँदा टिपोट गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालका सामाजिक सुधारका लागि सक्रिय कुनै पाँच सङ्घसंस्थाको सूची तयार पार्नुहोस् ।<br>(ख) सिविन र सेभ द चिल्ड्रेनले बालबालिकाका समस्या समाधानमा के कस्ता भूमिका निर्वाह गर्दै आएका छन्, लेख्नुहोस् ।<br>(ग) माइती नेपालको कार्य लेख्नुहोस् ।<br>**२. समूहकार्यमा विद्यार्थीको सक्रियता, सहकार्य, विषयवस्तुमा स्पष्टता आदिका आधारमा** | |
| ६. नागरिक चेतना | ११. सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्धको खोजी गर्न | **६.१ सङ्घ, प्रदेश र स्थानीय तह**<br>● **परिचय**<br>● **अन्तरसम्बन्ध**<br>- नीतिगत व्यवस्था<br>- व्यावहारिक अभ्यास | ● नेपालको सङ्घीय संरचना र स्वरूपका बारेमा छलफल गर्दै मस्तिष्कमन्थन गराई पाठको सुरुआत गर्नुहोस् ।<br>● समूहगत रूपमा नेपालका सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले गर्ने प्रमुख कार्यका बारेमा समूहगत अन्तर्क्रिया गराई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीको विभिन्न समूह निर्माण गरी अन्तर प्रादेशिक सम्बन्धमा भएको संवैधानिक व्यवस्था, अन्तरप्रदेश परिषद् र त्यसको आवश्यकतालगायतका विषयको सम्बन्धमा विद्यार्थीलाई चार्ट वा स्लाइड तयार गरी प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषणसहित प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालमा सङ्घीय, प्रदेश र स्थानीय तहबिच कस्तो सम्बन्ध छ ?<br>(ख) नेपालमा सङ्घीय, प्रदेश र स्थानीय तहको नीतिगत व्यवस्था उल्लेख गर्नुहोस् ।<br>**२. समूहकार्यमा विद्यार्थीको सहकार्य सहभागिता, सक्रियता, जिम्मेवारी वहन, प्रस्तुतीकरण लगायतका आधारमा** | **१८** |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १२. राजनीतिक दलले निर्वाह गर्नुपर्ने भूमिका र जिम्मेवारी उल्लेख गर्न | **६.२ राजनीतिक दल**<br>• परिचय<br>• भूमिका र जिम्मेवारी | • विद्यार्थीलाई नेपालका प्रमुख राजनीतिक दलको नाम पालैपालो भन्न लगाई राजनीतिक दलको अवधारणा र कार्य प्रस्ट पार्नुहोस् ।<br>• विद्यार्थीका विभिन्न समूह निर्माण गरी नेपालका राजनीतिक दलले लोकतन्त्र, मानव अधिकार र नागरिक स्वतन्त्रता संरक्षणका लागि निर्वाह गरेको भूमिका खोजी गरी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• विभिन्न राजनीतिक दलको प्रतिबद्धता पत्र वा निर्वाचन घोषणापत्र खोजी गरी त्यसमा समावेश मुख्य मुख्य प्रतिबद्धता टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>• 'लोकतन्त्रमा राजनीतिक दलले खेल्नुपर्ने भूमिका' शीर्षकमा पत्रपत्रिकामा प्रकाशित हुने ढाँचाको लेख लेख्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) राजनीतिक दलको परिचय दिँदै नेपालमा राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दल कुन कुन हुन्, सूची तयार गर्नुहोस् ।<br>(ख) लोकतान्त्रिक शासन व्यवस्थामा राजनीतिक दलले कस्तो भूमिका खेल्नुपर्छ, उल्लेख गर्नुहोस् ।<br>**२. विद्यार्थीले लोकतन्त्रमा राजनीतिक दलले निर्वाह गर्नुपर्ने भूमिका शीर्षकमा तयार पारेको लेखको नमुनाका आधारमा** | |
| | १३. निर्वाचन प्रक्रिया र निर्वाचनमा नागरिकको भूमिका उल्लेख गर्न | **६.३ निर्वाचन प्रक्रिया र नागरिकको भूमिका**<br>• निर्वाचनको परिचय<br>• निर्वाचन प्रक्रिया<br>• नेपालमा प्रचलित निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक मत प्रणाली)<br>• निर्वाचनमा नागरिकको भूमिका | • निर्वाचनसँग सम्बन्धित चित्र, पोस्टर वा स्लाइड वा भिडियो प्रर्दशन गरी प्रश्नोत्तरबाट निर्वाचनको परिचय दिनुहोस् ।<br>• विद्यार्थीकै संलग्नतामा निर्वाचनमा प्रयोजन हुने सामग्री, जस्तै : मतपेटिका, मतपत्र, मतदाता नामावली आदि तयार गरी निर्वाचनका विभिन्न चरणमा हुने क्रियाकलापको सिमुलेसन गराउनुहोस् ।<br>• निर्वाचनमा नागरिकले खेल्नुपर्ने भूमिकाका बारेमा नमुना निर्वाचन गराई छलफल गराउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) निर्वाचन स्वच्छ र निष्पक्ष किन हुनुपर्छ, पुष्टि गर्नुहोस् ।<br>(ख) नेपालमा कुन प्रकारको निर्वाचन प्रणाली अवलम्बन गरिएको छ, लेख्नुहोस् ।<br>(ग) निर्वाचन प्रक्रियामा तपाईंले खेल्न सक्ने भूमिकालाई बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।<br>**२. नमुना निर्वाचनमा विद्यार्थीको सहभागिता, सक्रियता, नेतृत्व क्षमता आदिका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १४. मुलुकी संहिताको व्यावहारिक पक्षको परिपालन गर्न | **६.४ मुलुकी संहिता, २०७४**<br>● देवानी संहिता<br>● फौजदारी संहिता<br>- परिचय<br>- व्यावहारिक पक्ष | ● सङ्गठित सिंहावलोकन विधिको माध्यमबाट मुलुकी संहिता, २०७४ को अवधारणा दिँदै विद्यार्थीमा सिकाइप्रतिको उत्सुकता जगाउनुहोस् ।<br>● पुस्तकालयको भ्रमण वा इन्टरनेटको प्रयोगबाट विद्यार्थीलाई देवानी संहिता र फौजदारी संहितामा रहेका व्यावहारिक पक्ष खोजी गर्न लगाई चार्ट तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) देवानी र फौजदारीको अर्थ स्पष्ट पार्नुहोस् ।<br>(ख) देवानी संहिता र फौजदारी संहिताबिचको भिन्नता छुट्याउनुहोस् ।<br>**२. विद्यार्थीलाई देवानी संहिता र फौजदारी संहितामा रहेका व्यावहारिक पक्ष खोजी गरी प्रस्तुत गरेका आधारमा** | |
| | १५. किशोरकिशोरीका अधिकारको उपयोग गरी कर्तव्य पालना गर्न | **६.५ किशोरकिशोरीका कर्तव्य र अधिकार**<br>● अधिकारको उपयोग<br>● कर्तव्यको पालना | ● किशोर अवस्था झल्कने भिडियो तथा फोटा प्रस्तुत गर्दै किशोर अवस्था र यसका विशेषताबारे कक्षाकोठामा छलफल गराउनुहोस् ।<br>● विद्यार्थीले परिवार तथा समुदायमा पूरा गर्दै आएका कर्तव्य सम्बन्धमा सिमुलेसनमार्फत प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● विद्यार्थीको जोडी बनाई किशोरकिशोरीको अधिकार र किशोरकिशोरीले पूरा गर्नुपर्ने कर्तव्य सम्बन्धमा टिपोट गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) किशोरकिशोरीका हैसियतले तपाइँले परिवारमा पूरा गर्दै आउनुभएका कर्तव्य उल्लेख गर्नुहोस् ।<br>(ख) किशोरकिशोरीका अधिकार प्राप्त नभएमा के कस्ता असर पर्न सक्छ ?<br>**२. एक दिने एक लिने (Give one Take One) क्रियाकलापमा विद्यार्थीको सहभागिता, सक्रियता, प्रस्तुतीकरणलगायतका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ७. हाम्रो पृथ्वी | १६. नेपालको सङ्घीय प्रदेशको परिचय दिई विशेषता बताउन | **७.१ नेपालको सङ्घीय प्रदेश**<br>● परिचय<br>● विशेषता (भौगोलिक, आर्थिक, सामाजिक सांस्कृतिक)<br>● अन्तरप्रादेशिक सम्बन्ध | ● कक्षामा सातओटा समूह बनाई प्रत्येक समूहलाई एक एकओटा सङ्घीय प्रदेशका भौगोलिक, आर्थिक, सामाजिक सांस्कृतिक विशेषता पाठ्यपुस्तक, सन्दर्भ सामग्री र इन्टरनेटबाट जानकारी सङ्कलन गरी छलफल गर्न र मुख्य बुँदा तथा विशेषता टिपोट गर्न लगाई ग्यालरी वाक विधिका माध्यमबाट छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● प्रदेशको एकअर्काबिचमा के कस्ता अन्तरनिर्भरता रहेका छन् र एकअर्काबिचमा सहकार्य र राम्रो सम्बन्ध कायम गर्न के के गर्नुपर्छ भन्ने सम्बन्धमा चार्ट, स्लाइड, प्रदेश देखाइएको नेपालको नक्सा प्रदर्शन गरी छलफल गराई निष्कर्ष निकाल्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालमा प्रदेशको निर्माण किन गरिएको होला ?<br>(ख) तपाईंको बसोबास रहेको प्रदेशका मुख्य विशेषता के के हुन्, लेख्नुहोस् ।<br>(ग) प्रत्येक प्रदेशका विकासका मुख्य सम्भावना उल्लेख गर्नुहोस् ।<br>(घ) नेपालका सङ्घीय प्रदेशबिचको अन्तरनिर्भरता उल्लेख गर्दै विदेशमा बस्ने साथीलाई इमेल लेख्नुहोस् ।<br>**२. ग्यालरी वाकमा सहभागिता, सक्रियता र सिर्जनशीलताका आधारमा** | १६ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १७. विपत् व्यवस्थापनमा सहभागी हुन | **७.२ विपत् व्यवस्थापन**<br>● संयन्त्र<br>● विपत्को पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ | ● विपत् व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा भएका संरचना र तिनले गर्ने कार्य सम्बन्धमा चार्ट वा स्लाइड प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।<br>● विभिन्न समूह बनाई प्रत्येक समूहले विपत्को प्रकृतिअनुसार पूर्वतयारी, विपत्का समयमा गर्नुपर्ने प्रतिकार्य र विपत्पश्चात् गर्नुपर्ने पुनर्लाभका कार्य (एउटा समूहले एउटा मात्र) सम्बन्धमा सन्दर्भ सामग्री, इन्टरनेट, पाठ्यपुस्तक आदिको अध्ययन गरी छलफल गर्नुहोस् ।<br>● समूहगत रूपमा पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभको पूर्वाभ्यास गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) विपत् व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा के के संयन्त्रको निर्माण भएको छ ?<br>(ख) विपत्पूर्व के के तयारी गर्नुपर्छ ?<br>(ग) प्रतिकार्य भनेको के हो ?<br>(घ) विपत्पश्चात् प्रतिकार्यअन्तर्गत के के कार्य पर्छन् ?<br>(ङ) विपत्को पुनर्लाभको समयमा व्यक्ति, समुदाय र स्थानीय सरकारले खेल्नुपर्ने भूमिका उल्लेख गर्नुहोस् ।<br>**२. समूहकार्यमा सहभागिता, सक्रियता र नेतृत्व क्षमताका आधारमा**<br>**३. विपत्को पूर्वाभ्यासमा सहभागिता, सक्रियता, नेतृत्व क्षमता आदिका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ८. आर्थिक क्रियाकलाप | १८. श्रम शक्ति र स्वरोजगारबिचको अन्तरसम्बन्ध बताउन र उद्यमशीलताका लागि अभिप्रेरित हुन | **८.१ श्रम शक्ति, स्वरोजगार र उद्यमशीलता**<br>● परिचय<br>● रोजगारी र उद्यमशीलताको योजना निर्माण | ● श्रम शक्ति, स्वरोजगार र उद्यमशीलताका विभिन्न उदाहरण तथा परिभाषाको चार्टपेपर वा पावरप्वाइन्ट स्लाइड वा भिडियो क्लिप प्रस्तुत गर्दै प्रश्नोत्तर र छलफलद्वारा श्रम शक्ति, स्वरोजगार र उद्यमशीलतासँग विद्यार्थीलाई परिचित गराउनुहोस् ।<br>● भित्तेचित्र सहकारी (Cooperative Graffiti) विधिको विद्यार्थीलाई स्वरोजगारी/रोजगारी/ उद्यमका लागि योजना निर्माण गर्न लगाई योजनाको कार्यान्वयनका लागि अभिप्रेरित गर्नुहोस् ।।<br>● आफूलाई मनपर्ने स्वरोजगारी वा उद्यम छनोट गरी उक्त कार्य सुरु गर्नका लागि आवश्यक तयारी, कानुनी प्रक्रिया, स्रोतसाधनको व्यवस्था समेटी योजना बनाउन लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) श्रमशक्ति, स्वरोजगार र उद्यमशीलताको परिचय दिनुहोस् ।<br>(ख) नेपालमा उद्यम/व्यवसाय सञ्चालन गर्नका लागि कस्तो कानुनी व्यवस्था छ, उल्लेख गर्नुहोस् ।<br>(ग) तपाईंले कुनै एउटा उद्यम/व्यवसाय सञ्चालन गर्नका लागि पेस गर्नुपर्ने आवश्यक कागजात र दर्ता प्रक्रिया उल्लेख गर्नुहोस् ।<br>**२. विद्यार्थीले निर्माण गरेको योजनाको ढाँचा, तत्त्व, प्रस्तुतीकरण र व्यावहारिकताका आधारमा** | १८ |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | १९. व्यवसाय सञ्चालनका लागि बैङ्क तथा वित्तीय संस्थाबाट पाइने सेवासँग परिचित हुन | **८.२ बैङ्क तथा वित्तीय संस्थाबाट प्राप्त हुने सेवा**<br>● उद्यम /व्यवसाय सञ्चालनका लागि प्राप्त हुने सेवा<br>● प्रक्रिया | ● विभिन्न प्रश्नको माध्यमबाट विद्यार्थी व्यवसायको सञ्चालनका लागि बैङ्क तथा वित्तीय संस्थाबाट पाइने सेवासँग परिचित भए नभएको पत्ता लगाई त्यसका आधारमा विद्यार्थीलाई व्यवसायको सञ्चालनका लागि बैङ्क तथा वित्तीय संस्थाले कर्जा उपलब्ध गराउने तथ्यको जानकारी गराउनुहोस् ।<br>● उद्यम /व्यवसाय सञ्चालनका लागि बैङ्क तथा वित्तीय संस्थाबाट प्राप्त हुने सेवा र प्रक्रियाको विद्यमान व्यवस्था लेखिएको चार्ट वा स्लाइड वा भिडियो क्लिप्स प्रस्तुत गर्दै प्रश्नोत्तर र छलफलद्वारा प्रस्ट पार्नुहोस् ।<br>● पारस्परिक शिक्षण क्रियाकलाप (Reciporcal Teaching Activity) मार्फत सिकाइको सबलीकरण गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) तपाइँको स्थानीय तह वा जिल्लामा रहेका बैङ्क तथा वित्तीय संस्थाले उपलब्ध गराएका सेवाको सूची तयार पार्नुहोस् ।<br>(ख) बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा लिनका लागि आवश्यक कागजपत्र र प्रक्रियालाई सूचीबद्ध गर्नुहोस् ।<br>**२. प्रश्नोत्तर र छलफलमा सहभागिता र सक्रियताका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २०. लगानीमा हुन सक्ने जोखिमसँग परिचित हुन र जोखिम न्यूनीकरणका उपाय बताउन | **८.३ लगानीमा हुन सक्ने जोखिम**<br>● पहिचान<br>● न्यूनीकरणका उपाय (बिमा, लगानी विविधीकरण) | ● टोली-जोडी-एकल क्रियाकलाप (Team-Pair-Solo) मार्फत लगानीको अवधारणासम्बन्धी विद्यार्थीको पूर्वज्ञान समेट्दै छलफल गर्नुहोस् ।<br>● लगानी, प्रतिफल र जोखिमका उदाहरण तथा परिभाषालाई चार्ट वा स्लाइडमा प्रस्तुत गरी लगानी, प्रतिफल र जोखिमको परिचय दिनुहोस् ।<br>● विद्यार्थीलाई विभिन्न स्रोत र सन्दर्भ सामग्री अध्ययन गरी लगानीमा हुन सक्ने सम्भावित जोखिम पहिचान गर्न लगाई अन्त्यमा चार्ट वा स्लाइडमार्फत प्रस्ट पार्नुहोस् ।<br>● लगानीमा हुने जोखिम न्यूनीकरणका उपाय के के हुन भनी विद्यार्थीलाई प्रश्न गर्दै जोखिम न्यूनीकरणका उपायअन्तर्गत बिमा गर्ने र लगानी विविधीकरणका उदाहरण प्रस्तुत गरी प्रस्ट पार्नुहोस् ।<br>● वित्तीय उपकरणमा लगानीका लागि आवश्यक पर्ने डिम्याट खाताको परिचय दिँदै विद्यार्थीलाई आफू वा आफ्नो परिवारका अन्य सदस्य वा नातेदारले डिम्याट खाता खोले वा नखोलेको जानकारी लिँदै खाता खोल्न आवश्यक कागजात र प्रक्रियाका बारेमा उदाहरण प्रस्तुत गर्दै प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) लगानी, प्रतिफल र जोखिमको परिचय दिनुहोस् ।<br>(ख) लगानीसम्बन्धी निर्णय गर्दा ध्यान दिनुपर्ने पक्षको सूची बनाउनुहोस् ।<br>(ग) डिम्याट खाता (Demat account) को परिचय दिनुहोस् ।<br>**२. समूहकार्यमा सहभागिता, सक्रियता, जिम्मेवारी वहन, प्रस्तुतीकरण लगायतका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ९. हाम्रो विगत | २१. औद्योगिक क्रान्तिको पृष्ठभूमि र प्रभाव बताउन | **९.१ औद्योगिक क्रान्ति**<br>● पृष्ठभूमि<br>● प्रभाव | ● विभिन्न चित्र, भिडियो र स्लाइडका आधारमा औद्योगिक क्रान्तिको पृष्ठभूमि सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् र एक बस्ने अरू छरिने (One Stays Others Stray) विधिबाट औद्योगिक क्रान्तिले तत्कालीन समयमा पारेका प्रभाव सम्बन्धमा छलफल गराई स्लाइड/चार्ट प्रदर्शन गरी प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) औद्योगिक क्रान्तिको सुरुआत कसरी भएको थियो ?<br>(ख) "औद्योगिक क्रान्ति विश्व समृद्धिको एक महत्त्वपूर्ण आधार थियो ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।<br>(ग) औद्योगिक क्रान्तिका सामाजिक तथा आर्थिक प्रभाव उल्लेख गर्नुहोस् ।<br>२. **एक बस्ने अरू छरिने क्रियाकलापमा सहभागिता, सक्रियता र प्रस्तुतीकरणका आधारमा** | १८ |
| | २२. प्रथम विश्वयुद्धको कारण र प्रभाव विश्लेषण गर्न | **९.२ प्रथम विश्वयुद्ध**<br>● पृष्ठभूमि<br>● कारण<br>● राजनीतिक, सामाजिक तथा आर्थिक प्रभाव<br>● नेपालको भूमिका | ● सोच- जोडीमा छलफल- आदानप्रदान विधिमार्फत युद्ध र शान्तिको अवस्था तुलना गर्न लगाई प्रथम विश्वयुद्धको पृष्ठभूमि प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई सन्दर्भ सामग्री वितरण र अध्ययन गर्न लगाई समूहगत रूपमा विश्वयुद्धका कारण छलफल गरी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● फ्लिप्ड नमुना (Flipped Model) को माध्यमबाट विद्यार्थीलाई प्रथम विश्वयुद्धका विभिन्न प्रभाव र नेपालको भूमिका प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) प्रथम विश्वयुद्धको सुरुआत कहिले भएको थियो ?<br>(ख) प्रथम विश्वयुद्धका कारण र परिणाम लेख्नुहोस् ।<br>२. **समूहकार्यमा विद्यार्थीको सहभागिता, सक्रियता, जिम्मेवारी वहन, प्रस्तुतीकरण लगायतका आधारमा** | |

<table>
<tr><th>विषयक्षेत्र</th><th>सिकाइ उपलब्धि</th><th>विषयवस्तुको विस्तृतीकरण</th><th>सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप</th><th>सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया</th><th>कार्य घण्टा</th></tr>
<tr><td></td><td>२३. द्वितीय विश्वयुद्धको कारण र प्रभाव विश्लेषण गर्न</td><td>९.३ द्वितीय विश्वयुद्ध<br>● पृष्ठभूमि<br>● कारण<br>● राजनीतिक, सामाजिक तथा आर्थिक प्रभाव<br>● नेपालको भूमिका</td><td>● प्रथम विश्वयुद्धका परिणाममध्ये भर्सिलिज सन्धिको पृष्ठभूमि र प्रावधानका विषयमा अन्तर्क्रिया गराउनुहोस् ।<br>● समूह निर्माण गरी द्वितीय विश्वयुद्धका कारण र प्रभाव खोजी गरेर प्रस्तुत गर्न लगाउनुहोस् ।<br>● निर्देशित पढाइ क्रियाकलाप (Directed Reading activity) मार्फत नेपालको भूमिका टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस् ।</td><td>तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :<br>१. नमुना प्रश्न<br>(क) भर्सेलको सन्धि कसरी दोस्रो विश्वयुद्धको कारण बन्न पुग्यो, लेख्नुहोस् ।<br>(ख) विश्वयुद्धमा नेपाल के कारणले संलग्न भएको थियो, उल्लेख गर्नुहोस् ।<br>२. समूहकार्यमा विद्यार्थीको सहभागिता, सक्रियता, जिम्मेवारी वहन, प्रस्तुतीकरणका आधारमा</td><td></td></tr>
<tr><td>१०. हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग</td><td>२४. स्थानीयकरण र विश्वव्यापीकरणको अवधारणा बताउन र प्रभाव विश्लेषण गर्न</td><td>१०.१ स्थानीयकरण र विश्वव्यापीकरण<br>● स्थानीयकरण र विश्वव्यापीकरण<br>- अवधारणा<br>- महत्त्व<br>- प्रभाव<br>● वैश्विक नागरिक र विश्वव्यापी अवसर</td><td>● स्थानीयकरण र विश्वव्यापीकरण झल्कने विभिन्न चित्र, भिडियो तथा डकुमेन्ट्री प्रदर्शन गरी यसको अवधारणा र महत्त्वका सम्बन्धमा छलफल गरी प्रस्ट पार्नुहोस् ।<br>● स्थानीयकरण र विश्वव्यापीकरणको प्रभाव समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाई विभिन्न उदाहरण प्रस्तुत गर्दै प्रस्ट पार्नुहोस् ।<br>● वैश्विक नागरिक र विश्वव्यापी अवसर सम्बन्धमा मान्यता रेखा क्रियाकलाप सञ्चालन गर्नुहोस् ।</td><td>तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :<br>१. नमुना प्रश्न<br>(क) स्थानीयकरण र विश्वव्यापीकरणको परिचय दिनुहोस् ।<br>(ख) स्थानीय कला, संस्कृति र रैथाने प्रविधिको प्रवर्धनमा स्थानीयकरणको भूमिका विश्लेषण गर्नुहोस् ।<br>(ग) विश्वव्यापीकरणले तपाईंको जीवनमा पारेका सकारात्मक र नकारात्मक प्रभावको समीक्षा गर्नुहोस् ।<br>(घ) "वर्तमान समयमा विश्वको जुनसुकै स्थानमा पनि अवसर प्राप्त हुन सक्छ ।" यो भनाइको पक्ष वा विपक्षमा आफ्ना तर्क प्रस्तुत गर्नुहोस् ।<br>२. मान्यतारेखा क्रियाकलापमा विद्यार्थीले लिएको चासो, सक्रियता, नेतृत्व क्षमता र तर्कका आधारमा</td><td>१०</td></tr>
</table>

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २५. नेपालमा वैश्विक सङ्गठनको सामाजिक आर्थिक भूमिका खोजी गर्न | **१०.२ नेपालमा वैश्विक सङ्गठनको सामाजिक आर्थिक भूमिका**<br>● संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (United Nations Educational, Scientific and Cultural Organization-UNESCO )<br>● अन्तर्राष्ट्रिय श्रम सङ्गठन (International Labour Organization-ILO)<br>● विश्व बैङ्क समूह (World Bank Group)<br>● एसियाली विकास बैङ्क (Asian Development Bank-ADB) | ● वैश्विक सङ्गठनका लोगो प्रदर्शन गर्नुहोस् र सङ्गठनको पहिचान गर्न लगाई परिचय दिनुहोस् ।<br>● Fishbowl क्रियाकलापको प्रयोग गरी नेपालमा कार्यरत वैश्विक सङ्गठन र तिनले सामाजिक आर्थिक क्षेत्रमा निभाएको भूमिका प्रस्तुत गर्न लगाउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ः**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालमा वैश्विक सङ्गठनले पुऱ्याएको योगदानलाई बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।<br>(ख) नेपालमा श्रम सङ्गठनका कार्य के कति प्रभावकारी भएका छन्, समीक्षा गर्नुहोस् ।<br>२. **Fishbowl क्रियाकलापमा विद्यार्थीले लिएको चासो, सक्रियता, तर्क र सिकाइ सङ्गठनसमेतका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ११. जनसङ्ख्या व्यवस्थापन | २६. नेपालमा सहरीकरणको मापदण्ड र प्रवृत्ति उल्लेख गर्न र अवसर तथा चुनौतीको विश्लेषण गर्न | **११.१ नेपालमा सहरीकरण**<br>● सहरीकरणका मापदण्ड<br>● प्रवृत्ति<br>● सहरीकरणका अवसर र चुनौती | ● नेपालमा सहरीकरणको मापदण्ड र प्रवृत्ति उल्लिखित चार्ट वा स्लाइड वा भिडियो क्लिप प्रस्तुत गरी सहरीकरणको मापदण्ड र प्रवृत्तिका बारेमा प्रस्ट पार्नुहोस् ।<br>● नेपालमा सहरीकरणका अवसर र चुनौती शीर्षकमा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) नेपालमा सहरीकरणका लागि विद्यमान मापदण्ड उल्लेख गर्नुहोस् ।<br>(ख) नेपालमा सहरीकरणको प्रवृत्तिको विश्लेषण गर्नुहोस् ।<br>(ग) सहरीकरणलाई किन अवसरका रूपमा लिइन्छ, कारणसहित प्रस्ट पार्नुहोस् ।<br>**२. वक्तृतामा तार्किकता, विषयवस्तुको गहनता र प्रस्तुतीकरणका आधारमा** | १० |
| | २७. गाउँ र सहरको जीवनशैलीबिचको अन्तरसम्बन्ध खोजी गर्न | **११.२ गाउँ र सहरको जीवनशैली**<br>● परिचय<br>● अन्तरसम्बन्धका क्षेत्र | ● गाउँ र सहरबिचको अन्तरनिर्भरतामा मस्तिष्कमन्थन गराई नेपालका गाउँ तथा सहरको जीवनशैली र मानव जीविकोपार्जनका लागि ती दुईबिचको अन्तरसम्बन्ध झल्काउने चित्र, भिडियो, पोस्टर आदि प्रदर्शन गर्दै विषयवस्तु प्रस्ट पार्नुहोस् ।<br>● गाउँ र सहरबिचको अन्तरसम्बन्धका बारेमा डकुमेन्ट्री तयार वा सङ्कलन गरी छलफल गराउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) तपाईं आफू बसोबास गर्नु भएको गाउँ वा सहरको जीविकोपार्जन शैली उल्लेख गर्नुहोस् ।<br>(ख) नेपालको गाउँ र सहरको जीविकोपार्जन शैलीका भिन्नताको सूची बनाउनुहोस् ।<br>(ग) नेपालको सन्दर्भमा गाउँ र सहरको अन्तरसम्बन्ध विश्लेषण गर्नुहोस् ।<br>**२. छलफलमा विद्यार्थीको सहभागिता, सक्रियता, जिम्मेवारी वहन, प्रस्तुतीकरणका आधारमा** | |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | २८. नेपालको जनसाङ्ख्यिक सङ्क्रमणको अवस्था पहिचान गरी जनसाङ्ख्यिक लाभांशको उपयोग गर्न | **११.३ नेपालको जनसाङ्ख्यिक सङ्क्रमण र लाभांश**<br>● जनसाङ्ख्यिक सङ्क्रमणको अवधारणा र चरण<br>● जनसाङ्ख्यिक लाभांशको उपयोग | ● जनसाङ्ख्यिक सङ्क्रमणको अवधारणा र चरण उल्लिखित चार्ट वा स्लाइड वा भिडियो क्लिप प्रस्तुत गरी प्रश्नोत्तर र छलफलद्वारा प्रस्ट पार्नुहोस् ।<br>● विद्यार्थीलाई जनसाङ्ख्यिक सङ्क्रमण र जनसाङ्ख्यिक लाभांशको उपयोग गर्ने तरिका सम्बन्धमा चार्ट वा स्लाइड वा भिडियो क्लिप/ प्रस्तुत गरी समूह छलफलबाट प्रस्ट पार्नुहोस् ।<br>● पछिल्लो जनगणनाले जन्मदर घट्दो क्रममा रहेको देखाएको छ, यसले जनसाङ्ख्यिक लाभ प्राप्त गरिरहेको नेपाललाई कस्तो प्रभाव पर्न सक्छ भन्ने सम्बन्धमा फर्क र कुरा गर (Turn and Talk) क्रियाकलापमार्फत छलफल गराई प्रस्ट पार्नुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् ।**<br>**१. नमुना प्रश्न**<br>(क) जनसाङ्ख्यिक सङ्क्रमणको अवधारणा बताई यसका चरण उल्लेख गर्नुहोस् ।<br>(ख) जनसाङ्ख्यिक सङ्क्रमण र उमेर संरचनाको सङ्क्रमणको परिचय दिनुहोस् ।<br>(ग) जनसाङ्ख्यिक लाभांश भनेको के हो ? नेपालमा यसको उपयोग कसरी गर्न सकिन्छ, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।<br>२. **फर्क र कुरा गर क्रियाकलापमा विद्यार्थीको सहभागिता, सक्रियता, सिर्जनशीलता, जिम्मेवारी वहन र प्रस्तुतीकरणका आधारमा** | |
| | २९. जनसङ्ख्या व्यवस्थापनका उपाय खोजी गर्न | **११.४ जनसङ्ख्या व्यवस्थापन**<br>● अवधारणा र महत्त्व<br>● उपाय | ● द्रुत लेखनमार्फत जनसङ्ख्या व्यवस्थापनसम्बन्धी विद्यार्थीका पूर्वज्ञान समेट्दै जनसङ्ख्या व्यवस्थापनका अवधारणा र महत्त्वलाई छलफलबाट प्रस्ट पार्नुहोस् ।<br>● नेपालमा जनसङ्ख्या व्यवस्थापनका उपाय उल्लिखित चार्ट वा स्लाइड वा भिडियो प्रस्तुत गरी प्रश्नोत्तरमार्फत प्रस्ट पार्नुहोस् ।<br>● तातोआलु क्रियाकलापमार्फत सिकाइको सबलीकरण गराउनुहोस् । | **तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :**<br>**१. नमुना प्रश्न**<br>(क) जनसङ्ख्या व्यवस्थापनको परिचय दिई यसको महत्त्व उल्लेख गर्नुहोस् ।<br>(ख) जनसङ्ख्या व्यवस्थापनको अभावमा उत्पन्न हुने समस्याको सूची बनाउनुहोस् ।<br>(ग) जनसङ्ख्या व्यवस्थापनका उपाय सूचीबद्ध गर्नुहोस् । | |

<table>
<tr><th>विषयक्षेत्र</th><th>सिकाइ उपलब्धि</th><th>विषयवस्तुको विस्तृतीकरण</th><th>सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप</th><th>सम्भावित मूल्याङ्कन विधि तथा प्रक्रिया</th><th>कार्य घण्टा</th></tr>
<tr>
<td>१२. जीवनोपयोगी सिप</td>
<td>३०. जीवनोपयोगी सिपको परिचय दिन र अभ्यास गर्न</td>
<td>१२.१ जीवनोपयोगी सिप<br>● परिचय र अभ्यास<br>- समालोचनात्मक चिन्तन<br>- सिर्जनात्मक चिन्तन<br>- संवेग र तनाव व्यवस्थापन<br>- निर्णय निर्माण</td>
<td>● कुनै एक परिस्थिति वा अवस्था सिर्जना गर्ने, जस्तै : कक्षा मनिटर चाहिन्छ वा चाहिँदैन भन्ने शीर्षकमा विद्यार्थीलाई तर्क, विश्लेषण र समालोचना गर्न लगाई समालोचनात्मक चिन्तन सिपको अवधारणा बताइदिनुहोस् ।<br>● विभिन्न मामला दिएर सिर्जनात्मक चिन्तनको अभ्यास गराउनुहोस् ।<br>● वास्तविक जीवनमा आधारित विभिन्न परिस्थिति प्रदान गरेर संवेग तथा तनाव व्यवस्थापनको भूमिका अभिनय गराउनुहोस् ।<br>● विभिन्न घटना वा परिस्थिति दिएर निर्णय निर्माण सिपको अभ्यास गराउनुहोस् ।</td>
<td>तलका जस्तै आधार निर्माण गरी मूल्याङ्कन गर्नुहोस् :<br>१. नमुना प्रश्न<br>(क) जीवनोपयोगी सिप भनेको के हो ?<br>(ख) जीवनोपयोगी सिपका कुनै दुई उदाहरण दिनुहोस् ।<br>(ग) तपाईंलाई रिस उठेको बेला संवेग व्यवस्थापन कसरी गर्नुभएको छ, स्मरण गर्दै उदाहरण प्रस्तुत गर्नुहोस् ।<br>२. दिइए जस्तै श्रेणीमापन प्रयोग गरेर जीवनोपयोगी सिपको मूल्याङ्कन गरेर
<table>
<tr><th rowspan="2">अवलोकित जीवनोपयोगी सिप</th><th colspan="3">अङ्कन</th></tr>
<tr><th>उत्कृष्ट</th><th>मध्यम</th><th>सामान्य</th></tr>
<tr><td>समालो-चनात्मक चिन्तन</td><td></td><td></td><td></td></tr>
<tr><td>विषयवस्तु-प्रतिको गहन बुझाइ</td><td></td><td></td><td></td></tr>
<tr><td>तर्क दिन सक्ने</td><td></td><td></td><td></td></tr>
<tr><td>फरक विचार दिन सक्ने</td><td></td><td></td><td></td></tr>
</table>
</td>
<td>१०</td>
</tr>
<tr><td colspan="6">समसामयिक घटना तथा गतिविधिलाई सम्बन्धित पाठमा नै अन्तरसम्बन्धित गराई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुहोस् ।</td></tr>
</table>

## ५. परियोजना तथा प्रयोगात्मक कार्य

आन्तरिक मूल्याङ्कन खण्डमा तोकिएको परियोजना तथा प्रयोगात्मक कार्य, प्रतिवेदन लेखन तथा प्रतिवेदनको प्रस्तुतिअन्तर्गतको १६ अङ्कका लागि तल दिइएका क्रियाकलाप गराउनुपर्ने छ । दिइएका क्रियाकलाप नमुना मात्र हुन् । स्थानीय परिवेश र विषयको प्रकृतिअनुसार शिक्षकले यस्तै प्रकृतिका अन्य क्रियाकलाप गराउन सक्ने छन् । क्रियाकलापको मूल्याङ्कन गर्दा योजना निर्माण, प्रतिवेदन लेखन, प्रतिवेदन प्रस्तुति, व्यवहार परिवर्तनको अवस्था, सिपको प्रतिबिम्बन, अवलोकन, प्रत्यक्ष अन्तर्वार्ता आदिका आधारमा अभिलेखीकरण गर्नुपर्ने छ ।

**कक्षा ११**

| विषयक्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
|---|---|
| १. सामाजिक अध्ययनको परिचय | • मानिसको जीवनमा परिवर्तन ल्याउन सामाजिक अध्ययन विषयको शिक्षण सिकाइले के कस्तो भूमिका निर्वाह गर्न सक्छ, जानकार व्यक्तिसँग सोधखोज गरी एक प्रतिवेदन तयार पार्नुहोस् । |
| २. हामी र हाम्रो समाज | • पुस्तकालय वा इन्टरनेटमा खोजी गरी आदिमानव जातिको उद्‌भव र विकासक्रम सम्बन्धमा एक पोस्टर तयार पारी प्रदर्शन गर्नुहोस् ।<br>• सामाजिक उत्तरदायित्वअन्तर्गत आफूले गरेका गतिविधिको सूची तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् । |
| ३. विकासका पूर्वाधार | • तपाईंको समुदायमा अवस्थित स्वास्थ्य संस्थाको भ्रमण गरी वा स्वास्थ्यकर्मीसँग छलफल गरी सामुदायिक स्वास्थ्य सेवाको अवस्था सम्बन्धमा एक प्रतिवेदन तयार पार्नुहोस् ।<br>• स्वस्थ रहनका लागि विभिन्न उपचार पद्धतिसम्बन्धी चेतनामूलक सामग्री (पर्चा, पोस्टर, ब्रोसर, पम्प्लेट) मध्ये कुनै एक सामग्री तयार पारी प्रदर्शन गर्नुहोस् । |
| ४. हाम्रा मूल्यमान्यता | • तपाईंको समुदायमा सामाजिक सद्‌भाव र सहिष्णुता कायम राख्न भएका असल अभ्यासको विवरण तयार गरी प्रस्तुत गर्नुहोस् ।<br>• "मेरो अग्रज मेरो मार्गदर्शक" शीर्षकमा आफ्ना परिवार वा समुदायका अग्रजसँग छलफल गरेर एक लेखको नमुना तयार गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।<br>• तपाईंको समुदायमा हुने गतिविधि आध्यात्मिक वा भौतिकवादी कुन दर्शनसँग सम्बन्धित छन् र यसले के कस्ता प्रभाव पारेका छन्, विवरण प्रस्तुत गर्नुहोस् । |
| ५. सामाजिक सुधार | • समूहगत रूपमा प्राकृतिक स्रोतको अतिक्रमण, सांस्कृतिक विचलनका विरुद्ध तयार पारिएको जनचेतनामूलक सामग्रीलाई स्लाइड वा पोस्टरको माध्यमबाट प्रस्तुत गर्नुहोस् ।<br>• सामाजिक समस्या निराकरणमा राष्ट्रिय स्तरमा स्थापित विभिन्न सङ्घसंस्थामध्ये कुनै एक संस्थाले दिने सेवा सम्बन्धमा विभिन्न स्रोतको खोजी अध्ययन गरी एक लेख तयार पार्नुहोस् र विद्यालयको भित्तेपत्रिकामा प्रकाशित गर्नुहोस् । |

| विषयक्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
|---|---|
| ६. नागरिक चेतना | • राष्ट्र, राष्ट्रियता र राष्ट्रिय सरोकारका विषयमा पत्रपत्रिकामा छापिएका समाचार, सम्पादकीय, अन्तर्वार्ता आदि सङ्कलन गरी कक्षाको बुलेटिन बोर्डमा टाँस्नुहोस् ।<br>• सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ को अध्ययन गरी निम्नलिखित उपशीर्षकमा आधारित रहेर प्रतिवेदन तयार गर्नुहोस् ।<br>(क) अध्ययनको शीर्षक<br>(ख) परिचय<br>(ग) उद्देश्य<br>(घ) अध्ययन विधि<br>(ङ) पत्ता लगाइएका कुरा<br>(च) निष्कर्ष र सुझाव |
| ७. हाम्रो पृथ्वी | • नेपालको नक्सामा पर्यावरणीय क्षेत्र देखाई ती क्षेत्रमा पाइने महत्त्वपूर्ण खनिज पदार्थलाई उपयुक्त सङ्केत प्रयोग गरी देखाउनुहोस् । |
| ८. आर्थिक क्रियाकलाप | • आफ्नो प्रदेश वा स्थानीय तहको आर्थिक विकासका आधार सोधखोज गरी टिपोट गर्नुहोस् । ती आधारलाई सबल बनाउने उपायसमेत कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• स्रोतसाधनको अध्ययन तथा जानकार व्यक्तिसँग सोधखोज गरी तीनै तहका सरकारको कार्य/खर्च जिम्मेवारीको बाँडफाँट सम्बन्धमा प्रतिवेदन तयार पार्नुहोस् ।<br>• तपाईंको समुदायमा वैदेशिक रोजगारबाट फर्कनुभएको कोही व्यक्ति हुनुहुन्छ भने उहासँग छलफल गरी वैदेशिक रोजगारका समस्याको सूची तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् । |
| ९. हाम्रो विगत | • म्याग्नाकार्टाको विषयमा केन्द्रित भई कक्षामा अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्नुहोस् र सोही आधारमा एक प्रतिवेदन तयार पार्नुहोस् ।<br>• वि.स. २०६२/६३ को जनआन्दोलनका विशेषताहरू समेटी एक सम्पादकीय तयार पार्नुहोस् ।<br>• २०६५ सालपछि नेपालमा प्राप्त भएका राजनीतिक उपलब्धिको खोजी गरी समय रेखामा देखाउनुहोस् । |
| १०. हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | • नेपाल र जापानबिचको सामाजिक सांस्कृतिक सम्बन्धको ऐतिहासिक पृष्ठभूमिसम्बन्धी तस्बिर र लेख सङ्कलन गर्नुहोस् ।<br>• नेपाल विश्व व्यापार सङ्गठनको सदस्य हुँदा पनि चाहे जति लाभ लिन सकेको देखिँदैन, किन ? यस शीर्षकमा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् । |
| ११. जनसङ्ख्या व्यवस्थापन | • तपाईंको नजिकको कुनै एउटा बस्ती (ग्रामीण वा सहरी) को अवलोकन गरी त्यसको अवस्थिति, विशेषता, आकार, जनसङ्ख्या, सुविधा तथा पूर्वाधारको विकासको अध्ययन गर्नुहोस् र प्रतिवेदन तयार पार्नुहोस् ।<br>• तपाईंले बसोबास गरेको बस्तीको प्रकृति र पर्यावरणीय अवस्थाबिचको अन्तरसम्बन्ध अध्ययन गरी प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• बसाइँसराइले उद्गम स्थान र गन्तव्य स्थानमा पार्ने सकारात्मक र नकारात्मक प्रभावबारे खोज गरी कक्षामा प्रस्तुत गर्नुहोस् । |
| १२. जीवनोपयोगी सिप | • अर्थपूर्ण जीवनयापनका निम्ति तपाईंले कुन कुन जीवनोपयोगी सिप अवलम्बन गर्नुभएको छ, एक लेख तयार पार्नुहोस् । |

**कक्षा १२**

| विषयक्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
| --- | --- |
| १. सामाजिक अध्ययनको परिचय | ● विभिन्न स्रोतको खोजी गरी सामाजिक अध्ययन र सामाजिक विज्ञानबिचको अन्तरसम्बन्ध पत्ता लगाउनका लागि प्रस्तावनाको नमुना तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् । |
| २. हामी र हाम्रो समाज | ● आफू बसोबास गरेको समाजमा कुन कुन जातजाति, समुदायका मानिसको बसोबास छ, तिनको विवरण तयार पार्नुहोस् र तिनीहरूका बिचमा के कस्ता सामाजिक तथा आर्थिक समानता वा भिन्नता छन् ? सोधखोज गर्दै समानता कायम गर्न के के प्रयास भएका छन् र अब के के गर्नुपर्छ, सोही विषयमा एक अध्ययन प्रतिवेदन तयार पार्नुहोस् ।<br>● नेपालमा समावेशीकरणका निम्ति भएका प्रयास खोजी गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्नुहोस् । |
| ३. विकासका पूर्वाधार | ● देशको सामाजिक र आर्थिक रूपान्तरणमा शिक्षाले पुऱ्याउने योगदान शीर्षकमा विभिन्न स्रोतको अध्ययन गरी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् । |
| ४. हाम्रा मूल्यमान्यता | ● नेपालमा शान्ति संस्कृतिको प्रवर्धन गर्न भएका प्रयास खोजी गरी चार्ट वा स्लाइड तयार गरी प्रस्तुत गर्नुहोस् ।<br>● सदाचार र सामाजिक जवाफदेहिताका लागि तपाईं बसोबास गरेको स्थानीय सरकारले गरेका प्रयास खोजी गरी प्रस्तुत गर्नुहोस् ।<br>● तपाईंको समुदायमा सामाजिक सम्बन्ध कसरी विकास र अभ्यास भइरहेका छन्, के कस्ता सामाजिक अन्तरनिर्भरता रहेका छन्, समुदायका कुनै चार व्यक्तिको अन्तर्वार्ता लिई प्राप्त विवरणलाई साथीसँग आदानप्रदान (Share) गर्नुहोस् । |
| ५. सामाजिक सुधार | ● विभिन्न समूह निर्माण गरी समूहगत रूपमा बौद्धिक पलायन, बौद्धिक सम्पत्तिको दुरुपयोग, उपभोगवादी संस्कृति, घुसखोरी, कर छली, डिजिटल ठगीविरुद्ध जनचेतनामूलक स्लाइड वा पोस्टर वा भिडियो बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>● नेपालका सामाजिक समस्या निराकरणमा कुनै दुई गैरसरकारी सङ्घसंस्थाले दिने गरेको सेवा सम्बन्धमा इन्टरनेट वा सन्दर्भ सामग्री अध्ययन गरी विवरण सङ्कलन गर्नुहोस् र जनचेतनामूलक पोस्टर वा बुकलेट तयार पारी प्रदर्शन गर्नुहोस् । |
| ६. नागरिक चेतना | ● नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अध्ययन गरी सङ्घ, प्रदेश र स्थानीय सरकारको अन्तरसम्बन्धसम्बन्धी नीतिगत व्यवस्था पहिचान गर्नुहोस् र त्यसलाई व्यावहारिक अभ्यासमा के कति कार्यान्वयन भएको छ, खोजी गरी लेखका रूपमा प्रस्तुत गर्नुहोस् ।<br>● लोकतन्त्रमा राजनीतिक दलले निर्वाह गर्नुपर्ने भूमिका शीर्षकमा सम्पादकीयको नमुना तयार गरी प्रस्तुत गर्नुहोस् ।<br>● निर्वाचन प्रक्रियाका प्रमुख चरण (निर्वाचनपूर्व, निर्वाचनको समयमा र निर्वाचनपश्चात्) मा नागरिकको भूमिका खोजी गरी प्रतिवेदन तयार गर्नुहोस् । |
| ७. हाम्रो पृथ्वी | ● समूहमा रहेर चार्टपेपरमा नेपालको रेखाङ्कित ठुलो नक्सा कोरी त्यसमा सात प्रदेश देखाउनुहोस्, प्रत्येक प्रदेशका कम्तीमा तीन तीनओटा विशेषता झल्कने चित्र, फोटा वा बुँदामा प्रस्तुत गरी पोस्टर तयार पार्नुहोस् ।<br>● तपाईं बसोबास गरेको स्थानीय वडाको भ्रमण गरी विपत् व्यवस्थापनका लागि के कस्ता संयन्त्र निर्माण गरिएको छ खोजी गरी त्यो संयन्त्रले विपत् व्यवस्थापनका लागि गरेका कार्यको विवरण तयार गरी प्रस्तुत गर्नुहोस् । |

| विषयक्षेत्र | सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य |
|---|---|
| ८. आर्थिक क्रियाकलाप | • आफूलाई मन पर्ने स्वरोजगारी/रोजगारी/उद्यम छनोट गरी उक्त कार्यका लागि आवश्यक कानुनी व्यवस्था/प्रक्रियाको अध्ययन तथा खोजी गरी योजना निर्माण गर्नुहोस् ।<br>• तपाईंले छनोट गरेको उद्यम/व्यवसायको सञ्चालनका लागि कुनै एउटा बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा लिनका लागि एउटा प्रस्तावनाको नमुना तयार पार्नुहोस् ।<br>• कक्षामा दुईओटा समूह निर्माण गरी एउटा समूहले डिम्याट खाता खोल्नका लागि र अर्को समूहले आफ्नो ग्राहकलाई चिन्नुहोस् (Know Your Customer-KYC) आवश्यक पर्ने फारमको नमुना सङ्कलन गर्नुहोस् र समूहगत रूपमा छलफल गरी उक्त फारम भर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् । |
| ९.हाम्रो विगत | • विभिन्न स्रोतबाट खोजी गरी औद्योगिक क्रान्तिको अवधिमा भएका प्रमुख आविष्कारको विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• युद्धबाट हुने नोक्सानी तथा विश्व शान्तिबाट हुने लाभका बारेमा खोजी गरी प्रतिवेदन तयार पार्नुहोस् । |
| १०. अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | • विश्वव्यापीकरण र स्थानीयकरणले देशको कला संस्कृति र पर्यटनको विकासमा खेल्ने भूमिका सम्बन्धमा एउटा राष्ट्रिय पत्रिकाका लागि लेख तयार पार्नुहोस् । |
| ११. जनसङ्ख्या व्यवस्थापन | • "नेपालमा सहरीकरण : अवसर र चुनौती" विषयमा विभिन्न सन्दर्भ सामग्रीको अध्ययन गरी वक्तृता तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>• राष्ट्रिय जनगणना २०७८ का आधारमा नेपालको जनसाङ्ख्यिक सङ्क्रमण र लाभांशको अवस्था विश्लेषण गरी प्रतिवेदन तयार पार्नुहोस् ।<br>• कक्षामा तीनओटा समूह निर्माण गरी पहिलो समूहले नेपालका गाउँको जीविकोपार्जन शैली, दोस्रो समूहले नेपालका सहरको जीविकोपार्जन शैली र तेस्रो समूहले नेपालका गाउँ र सहरबिचको अन्तरसम्बन्धका बारेमा समूहगत रूपमा अध्ययन, खोज र छलफल गरी निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् । |
| १२. जीवनोपयोगी सिप | • तपाईंले आफ्नो जीवनमा प्रयोग गर्नुभएका जीवनोपयोगी सिपलाई स्वमूल्याङ्कन गर्नुहोस् र थप सुधारका पक्ष तथा जीवनोपयोगी सिप के के हुन सक्छन्, फ्लिप चार्ट बनाई प्रस्तुत गर्नुहोस् । |

## ६. सिकाइ सहजीकरण प्रक्रिया

सामाजिक अध्ययन विषयले विद्यार्थीलाई राष्ट्र र राष्ट्रियताप्रति समर्पित, नागरिक मूल्य मान्यताप्रति सचेत र समसामयिक परिवेशको विश्लेषण र समालोचनात्मक दृष्टिकोणसहितको नागरिक तयार गर्ने उद्देश्य राखेको छ । यो पाठ्यक्रम सामाजिक जीवनसँग सम्बन्धित विभिन्न क्षेत्रलाई समेटेर एकीकृत रूपमा तयार गरिएको छ। यसमा उल्लेख गरिएका विषयवस्तुको अध्ययन अध्यापन गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्त्व दिनुपर्ने हुन्छ। सम्बन्धित विषयवस्तुको एकीकृत रूपमा सहजीकरण गराई विषयवस्तुको ज्ञान, सिप, प्रवृत्ति र मूल्यको आर्जन तथा तिनलाई प्रयोग गर्ने सामर्थ्य विकास गराउनुपर्छ। विद्यार्थीमा सैद्धान्तिक र व्यावहारिक दुबै पक्षको विकास गराई सकारात्मक व्यवहारको जगेर्ना गर्नु यस विषयको मुख्य ध्येय हो। विद्यार्थीमा समालोचनात्मक तथा सकारात्मक सोचको विकास, प्रतिभा प्रस्फुटन, सिर्जनात्मक सिपको विकास र विविध प्रकारका सामाजिक र जीवनोपयोगी सिपको विकास गरी व्यवहारमा सुधार गर्दै समाजको नेतृत्व गर्न सक्ने क्षमताको विकास गराउने जस्ता मूलभूत उद्देश्य यस विषयले राखेको छ। सामाजिक अध्ययनका विषयवस्तुको व्यावहारिक ज्ञान दिनका लागि कक्षाभित्र वा बाहिर आआफ्नो कक्षाकोठा, विद्यालय, परिवार, टोल, विभिन्न समूह, समुदायलगायत स्थानीय सरकारसँग सम्बन्धित क्रियाकलाप गराउनुपर्ने छ। विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहन गरी विद्यार्थीलाई आआफ्ना समुदायमा खोज गरी सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रोत्साहन गर्नुपर्ने छ। यस विषयले विद्यार्थीमा कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्त चित्र, स्तम्भ चित्र, तालिका, तस्बिर, नक्सा, परियोजना कार्य, क्षेत्रभ्रमण, भूमिका

निर्वाह र नेतृत्व विकासजस्ता सिर्जनशील क्रियाकलापमार्फत आवश्यक ज्ञान, सिप, प्रवृत्ति र मूल्यको आर्जन तथा तिनलाई प्रयोग गर्ने सामर्थ्य विकास गराउँदै सिर्जनशीलताको विकास गराउने लक्ष्य राखेको छ । सिपको विकास गराउन विद्यार्थीलाई बहुबौद्धिकताको सिद्धान्तअनुरूप रुचि र क्षमताअनुसारका ज्ञान, सिप, धारणा र मूल्य हासिल गर्ने सामर्थ्यको विकाससँग सम्बन्धित क्रियाकलापमा विविधता ल्याउनुपर्छ । यसका निम्ति योजनाबद्ध सिकाइ सहजीकरणको ठुलो भूमिका रहन्छ । विद्यार्थीलाई गर र सिक अनि सिक र गर भन्ने धारणाको अभिवृद्धि गराउनु सामाजिक अध्ययन विषयको मूल लक्ष्य हो ।

किशोरकिशोरी आफैँले गरेर सिकेका कुरामा विश्वास गर्छन् । मनमा विश्वास जागेपछि उक्त सिकाइले व्यवहारमा सुधार ल्याउँछ । त्यसैले सामाजिक अध्ययन विषयमा सिकाइ सहजीकरण गर्दा प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल विधि, अवलोकन, खोज, अभिनय, परियोजना, प्रयोग, स्थलगत भ्रमण, घटना अध्ययन, समालोचनात्मक चिन्तन जस्ता विद्यार्थीकेन्द्रित शिक्षण विधि प्रयोग गर्नुपर्छ । यी विधि नमुना मात्र हुन् । स्थानीय परिवेश, विषयवस्तुको प्रकृति र स्वरूपका आधारमा सिकाइ सहजीकरणमा विविधता ल्याउन सकिने छ । शिक्षकले सिकाइ सहजीकरण गर्दा विद्यार्थीको उमेर, तह, रुचि, बहुबौद्धिकता, मनोविज्ञान, सामाजिक पृष्ठभूमि, विद्यार्थी सङ्ख्या, शैक्षिक सामग्रीको उपलब्धता आदि समेतलाई ध्यान दिनुपर्ने हुन्छ । विद्यार्थीको आवश्यकता र अवस्थाका आधारमा विधि र सामग्रीको पहुँचयुक्तता (Accessibility) र उपयुक्त अनुकूलन (Reasonable accommodation) गरी सिकाइ सहजीकरण गर्नुपर्छ । सहजीकरण गर्दा विद्यार्थीको सहभागिता एवम् सामूहिक, सहयोगात्मक र सुधारात्मक सिकाइलाई प्रोत्साहन गर्नुपर्छ । विद्यार्थीलाई समस्या समाधान गर्न गाह्रो वा अप्ठ्यारो परेको अवस्थामा उनीहरूका कमीकमजोरीलाई राम्ररी केलाई शिक्षकद्वारा समस्या समाधानमा सहयोग गर्नुपर्छ । उल्लिखित विधिका अतिरिक्त कथाकथन, मन्थन, कार्यशाला, प्रवचन, सर्भे जस्ता विधि पनि आवश्यकताअनुसार प्रयोग गर्नुपर्छ । सामाजिक अध्ययन विषय शिक्षण गर्दा सूचना प्रविधिको समेत सहयोग लिएर सिक्न सक्ने वातावरण तयार गर्नुपर्छ । यस विषयमा गरिने प्रयोगात्मक कार्य, परियोजना कार्य र अन्य कार्यकलाप सिकाइ सहजीकरणका अङ्गका रूपमा रहने छन् ।

## ७. विद्यार्थी मूल्याङ्कन

विद्यार्थीको सिकाइ उपलब्धि सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुबै प्रकारको मूल्याङ्कन गर्नुपर्ने छ । विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि कक्षा शिक्षणकै क्रममा कक्षाकार्य, परियोजना कार्य, क्षेत्रभ्रमण, सर्भे, प्रस्तुतीकरण, उपलब्धि परीक्षा जस्ता क्रियाकलाप गराई सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान तथा सिप हासिल गराउन आवश्यक छ । यसको प्रभावकारी रूपमा कार्यान्वयन तथा विद्यार्थीको सिकाइस्तर सुधार गर्न सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गका रूपमा निर्माणात्मक मूल्याङ्कनलाई उपयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनको सिकाइ उपलब्धिको निश्चित भारलाई निर्णयात्मक मूल्याङ्कनमा समेत जोडिने छ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गर्न सके सकेनन् भन्ने कुरा पत्ता लगाउने महत्त्वपूर्ण माध्यम मूल्याङ्कन हो । विद्यार्थीको मूल्याङ्कन गर्दा सिकाइ उपलब्धिलाई ध्यान दिई सक्षमता र सिकाइ उपलब्धिअनुरूप सिकाइको सबै स्तरलाई समेटेर गर्नुपर्छ । आन्तरिक र बाह्य मूल्याङ्कनमार्फत यस विषयको मूल्याङ्कन हुने छ । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य के कति प्राप्त भए, विद्यार्थीले कति ज्ञान, सिप र क्षमता हासिल गरे भनी मूल्याङ्कन गरिन्छ । आन्तरिक र बाह्य प्रणालीद्वारा विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन गरिने छ । कक्षा ११ र १२ दुबैमा कुल १६० कार्यघण्टामध्ये ७५ प्रतिशत अर्थात् १२० कार्यघण्टा सैद्धान्तिक र २५ प्रतिशत अर्थात् ४० कार्यघण्टा प्रयोगात्मक तथा अन्य क्रियाकलापलाई छुट्याइएको छ । यसकै आधारमा ७५ प्रतिशत अङ्कका लागि विशिष्टीकरण तालिकाका आधारमा प्रश्न निर्माण गरी बाह्य परीक्षा लिखित रूपमा सञ्चालन हुने छ । २५ प्रतिशत अङ्कका लागि प्रयोगात्मक र अन्य क्रियाकलापका आधारमा आन्तरिक मूल्याङ्कन गर्नुपर्ने छ ।

### (क) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीले गरेका कार्य र उनीहरूमा आएको व्यवहार परिवर्तनको अभिलेख राखी सोका आधारमा अङ्क प्रदान गर्नुपर्छ । विद्यार्थीले सिके नसिकेको पत्ता लगाई नसिकेको भए कारण पहिचान गरी पुनः सिकाइन्छ भने यस्तो मूल्याङ्कन प्रक्रियालाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । कक्षा ११ र १२ को सामाजिक अध्ययन विषयलाई कक्षाभित्र मात्र सीमित नगरी कक्षाबाहिर पनि अध्ययन गर्न सकिने अनुसन्धानमूलक क्रियाकलाप यहाँ समेटिएको छ । कक्षा शिक्षणमा शिक्षकले निरन्तर मूल्याङ्कनबाट प्राप्त नतिजालाई आधार मानी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्छ ।

यस विषयमा कक्षा ११ र १२ मा कुल भारमध्ये २५ प्रतिशत आन्तरिक मूल्याङ्कन हुने छ । यसको मूल्याङ्कन निम्नानुसार हुने छ :

| क्र.स. | मूल्याङ्कनका आधार | मूल्याङ्कनका आधारको विस्तृतीकरण | जम्मा अङ्कभार प्रतिशत |
|---|---|---|---|
| १. | सहभागिता | उपस्थिति र सिकाइ क्रियाकलापमा सक्रियता र सहभागिता | ३ |
| २. | परियोजना कार्य/ प्रयोगात्मक कार्य | परियोजना कार्य सम्पादन, सहकार्य, जिम्मेवारी वहन, सक्रियता, सिर्जनशीलता, समय पालना, अभिलेखीकरण, प्रदर्शन तथा प्रस्तुतीकरण | १६ |
| ३. | त्रैमासिक परीक्षा | आवधिक परीक्षाको प्राप्ताङ्कका आधारमा निर्धारण गरिने | ६ |
| जम्मा | | | २५ |

### (ख) बाह्य मूल्याङ्कन

यस विषयमा कक्षा ११ र १२ प्रत्येकमा कुल भारमध्ये ७५ प्रतिशत भार बाह्य मूल्याङ्कनको हुने छ । कक्षा ११ र १२ प्रत्येक कक्षामा लिइने परीक्षाका लागि पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकाअनुसार ज्ञान, बोध, प्रयोग र उच्चदक्षतालाई प्रतिनिधित्व गर्ने प्रश्नपत्र निर्माण गर्नुपर्ने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै विषयवस्तु समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान/बोध, व्यावहारिक प्रयोग, समस्या समाधान, समालोचना र सिर्जनासँग सम्बन्धित प्रश्न सोधिने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप, प्रवृत्ति र मूल्यको आर्जन तथा तिनलाई प्रयोग गर्ने सामर्थ्य विकास भए नभएको मूल्याङ्कन गरिन्छ । विद्यार्थीको आवश्यकता र अवस्थाका आधारमा मूल्याङ्कनका साधनको उपयुक्त अनुकूलन (Reasonable accommodation) गरी प्रयोग गर्नुपर्ने छ ।

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर